१. पृष्ठभूमि

नेपालको सहकारी आन्दोलनले आधा शताव्दी पार गरिसकेको छ । खास गरी २०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भए पश्चात सहकारी आन्दोलनलाई स्वस्फूर्त ढंगबाट सञ्चालन गर्ने विभिन्न प्रयासहरू भए । यस क्रममा नीतिगत, कानूनी र प्रक्रियागत क्षेत्रमा सामयिक सुधार गरी सहकारी प्रणालीमा जीवन्तता दिने कार्यहरू छन् ।

सहकारी ऐन, २०४८ को कार्यान्वयन पश्चात् सहकारी संघ/संस्थाले पूर्व स्वायत्तताको उपभोग गरेको तथ्यलाई नकार्न सकिँदैन । अब उप्रान्त सहकारिताको विकासका निमित्त नेपाल सरकारको भूमिका प्रर्वद्धनात्मक र सहयोगी रहनेछ ।

सहकारी आन्दोलनलाई स्वःस्फूर्त र सहभागितामूलक ढंगले अगाडि बढाउने सिलसिलामा सहकारीकर्मीहरूको क्षमता र सचेततामा अभिवृद्धि गर्ने प्रयासले सहकारी आन्दोलनलाई सकारात्मक दिशा दिनसक्ने निश्चित छ । सहकारी संस्थामा रहेको यो स्वायत्तताको अवसरलाई सदस्यहरूको हितका निमित्त प्रयोग गर्न र सदस्यहरूको जागरुकताको स्तर अभिवृद्धि गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल तुल्याई सहकारिताका माध्यमबाट ग्रामीण क्षेत्रमा सामाजिक, आर्थिक, साँस्कृतिक, एवं व्यवसायिक विकास गर्ने क्रममा निम्न पक्षमा विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

१. मौजुदा सहकारी ऐनको नियमन पक्षलाई बढी प्रभावकारी तुल्याउने,
२. सहकारी संस्थाका सदस्य बन्न चाहने नयाँ व्यक्तिहरूलाई सहकारी विषयको ज्ञान दिलाउने,
३. सहकारी क्षेत्र सम्बन्धी सरकारको दृष्टिकोण र प्राथमिकता स्पष्ट गर्ने एवं संरचनात्मक सुधार गर्ने,
४. सहकारी क्षेत्रको राष्ट्रिय र क्षेत्रगत नीतिहरू तर्जुमा गर्ने,
५. सहकारीको दीर्घकालिन योजना तर्जुमा गर्ने ।
६. सहकारी संघ संस्थाहरुको निरीक्षण मापदण्ड निर्माण गर्ने ।

यसै परिप्रेक्ष्यमा सहकारी विभागले मौजूदा सहकारी, ऐन नियमको परिमार्जनका लागि सहकारीकर्मीहरू, विज्ञहरू, सरोकारवाला (STAKEHOLDERS) वर्ग लगायतको सहभागितामा विभिन्न चरणमा छलफल तथा अन्तरक्रिया गरी प्राप्त पृष्ठपोषणका आधारमा सहकारी क्षेत्र सुधारका निमित्त सम्बन्धित मन्त्रालयमा पेश गर्नेछ । सहकारी क्षेत्र सुधारका निमित्त नियमनका अतिरिक्त आम नागरिकमा सहकारी सम्बन्धी विषयमा जानकारी र सूचना प्रवाहित गर्नु गर्ने तथ्यलाई मनन गर्दै सहकारी संस्थाहरुको गठन र सञ्चालनमा थप बल पुऱ्याउन सहकारी विभागबाट

विभिन्न प्रयासहरू भइरहेका छन् । यो पुस्तिका तयार गर्नुको प्रमुख उद्देश्य सहकारी संस्थाका सबै सदस्य र पछि सदस्य बन्न चाहनेहरूका लागि समेत सहकारी बारेको संक्षिप्त जानकारी उपलब्ध गराई सदस्य सशक्तिकरणका माध्यमबाट यस क्षेत्रमा देखा परेका समस्या र विकृतिहरूलाई क्रमशः हटाई सहकारीको क्षेत्रमा सुशासन कायम गर्नु रहेको छ ।

२. सहकारी के हो ?

बोलीचालीको भाषामा सबै मिलेर काम गर्नु सहकार्य हो र त्यसैलाई नै सहकारीताका आधारमा भएको सहकार्य हो भनेर बुझेको पाइन्छ तर सबै मिलेर गरेको सबै कार्यलाई सहकारिताका आधारमा भएको सहकार्य भन्न मिल्दैन । सहकारीताका आधारमा गठन हुने संस्था जोसुकै व्यक्ति मिलेर संचालन हुन सक्दैन । सहकारी हुनलाइ सहकार्यमा सबैको उद्देश्य एक हुनु पर्छ । तर एउटै उद्देश्य भन्दैमा राजनैतिक कार्यकर्ताहरूले संस्था गठन गरेर सहकारी संस्थालाई राजनैतिक मञ्चको रुपमा उपयोग गर्ने, एउटा डाक्टर प्रवेश गरेर आफ्नो क्लिनिकमा सबै सदस्यहरू बोलाएर आफ्नो आम्दानी बढाउने, ठगहरू मिली संस्था गठन गर्ने र छदम् प्रवृतिका व्यक्तिहरू पसेर सदस्यको वचत रकम लिएर भाग्ने व्यक्तिहरू/समूहहरूको बीच एकै उद्देश्य हुने भएपनि त्यस्तो सहकार्य सहकारी मूल्य विपरीत हुने भएकोले सहकारी हुन सक्दैन । यसैगरी एउटा व्यापारी र एउटा किसानको बीच पनि एउटै उद्देश्य नहुन सक्छ । त्यसैले उद्देश्य एकै हुनलाई पेशागत समानता, पूँजीगत समानता, सोचाई र दृष्टिकोणमा समानता जस्ता पक्षहरू महत्वपूर्ण मानिन्छन् । कस्तो सहकार्य सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्म अनुरुपको सहकारी हुन सक्छ भनी स्पष्ट हुन निम्न पक्षहरूको अध्ययन गर्नु जरुरी हुन्छ ।

- सहकारितामा एउटा स्वायत्त संस्थाका माध्यमद्वारा सहकार्य गरिन्छ ।
- त्यस्तो संस्था समान आवश्यकता र उद्देश्य भएका व्यक्तिहरू मिलेर गठन गरिन्छ ।
- त्यस्ता संस्थाको सदस्य बन्ने नबन्ने व्यक्तिको आफ्नो इच्छामा निर्भर रहन्छ । कसैले कर गरेर सदस्य बन्नु पर्ने बाध्यता हुदैन ।
- यसको स्वामित्व सामुहिक हुन्छ । कुनै एउटा व्यक्तिको मात्र स्वामित्व हुदैन । अर्थात सबै शेयर सदस्य संस्थाका समान दर्जाका मालिक हुन्छन् ।
- सदस्य बन्न निश्चित रकम शेयरका रुपमा तिर्नु पर्छ र निश्चित जिम्मेवारी वहन गर्नुपर्छ ।
- संस्था सरकारले वा अरु कसैले सञ्चालन गरिदिदैनन्, सदस्यहरू स्वयं

मिली सञ्चालन गर्नु पर्छ । त्यसैले सदस्य मध्येबाटै निर्वाचन (चुनाव) गरी संचालक समिति, लेखा समिति र अन्य आवश्यकता अनुसारका समितिहरू गठन गर्नुपर्छ ।

- संस्थाले सदस्य भित्रमात्र कारोवार गर्नुपर्छ । कुनै सदस्यले खाए, मासे, हिनामिना गरे संस्थाकै निर्णयद्वारा त्यस्तो सदस्य उपर कार्यवाही गर्नुपर्छ ।
- संस्था सञ्चालन गर्न, विनियम र अन्य नियमहरू पनि सदस्यहरू मिलेर बनाउनु पर्छ ।
- सहकारीतामा सबै सदस्यहरूले थोरै थोरै रकम जम्मा गरे पनि संस्थाले सदस्यको हितमा व्यवसाय गर्न सक्छ ।
- संस्थाको दीर्घकालीन सोच (VISION) सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, व्यवसायिक उन्नतिमा सहयोग पुऱ्याउने हुनुपर्दछ ।

यसरी माथिका विभिन्न बुँदाहरूका आधारमा हामी के भन्न सक्छौं भने सहकारिता भनेको सिमित पूँजी भएर पनि एक्लै व्यवसाय गर्ने क्षमता नभएका, केही पूँजी पनि छ र अलिअलि व्यवसाय गर्न सक्ने सिप पनि छ तर यी दुवै कुराहरू भएर पनि व्यवसाय गर्दा सबै घाटा लाग्यो भने परिवार भोकै पर्छन भन्ने कुराले एक्लै व्यवसाय गर्ने आँट गर्न नसक्ने व्यक्तिहरू मिलेर गर्ने कार्य हो । यस्तो सहकार्य गर्दा आफूसंग भएको केही पूँजी संस्थामा जम्मा गरी त्यसबाट व्यवसाय गर्ने कुशलता, क्षमता र आँट सिर्जना गरी संस्थाकै माध्यमबाट व्यवसायिक एवं अन्य कारोवार सञ्चालन गरी सदस्य परिवारको आर्थिक, सामाजिक र सांस्कृतिक विकास सम्भव हुन्छ । त्यसैले सहकारी नाफाका लागि व्यापारीले जस्तो केवल व्यापार, व्यवसाय गर्ने संस्था होइन न त बैंक जस्तै गरी बैंकको मात्र कारोवार गर्ने संस्था हो । बरु यो समुदायमा आधारित रही, सदस्यकै हितका लागि सदस्य माझ व्यवसाय गर्ने र सदस्यहरूलाई व्यवसायी/उद्यमशिल, क्षमतावान बनाउने कार्यमा निरन्तर सहयोग गर्ने सबल संस्थागत माध्यम हो ।

सहकारीका बारेमा अन्तराष्ट्रिय सहकारी महासंघ (INTERNATIONAL CO-OPERATIVE ALLIANCE) (ICA) ले सन् १९९५ मा निम्नानुसारको परिभाषा गरेको पाइन्छ ।

A cooperative is an autonomous association of persons united voluntarily for the fulfillment of their common economic, social and cultural needs and aspirations through a jointly owned and democratically controlled enterprise.

३. सहकारीताका मूल्यहरू

सहकारीताका मूल्यहरू बारे अध्ययन गर्दा आधारभूत मूल्यहरू (BASIC VALUES) र नैतिक मूल्यहरू (ETHICAL VALUES) गरी दुई भागमा विभाजन गर्न सकिन्छ । विशेषतः आधारभूत मूल्यहरूले संस्था र सदस्य बीच एवं नैतिक मूल्यहरूले संस्था र समाज बीचको सम्बन्ध निर्धारण गर्न मद्दत गर्दछन् ।

आधार मूल्यहरू	नैतिक मूल्यहरू
१. आत्म-सहयोग (आफ्नो सहयोग आफै गर्ने)	१. इमान्दारीता (नीति अनुरुपको आचरण गर्ने)
२. स्वउत्तरदायित्व (आफै जिम्मेवार, जवाफदेही)	२. खुलापन (स्वेच्छाले सदस्य बन्न र छोड्न पाइने, पारदर्शी)
३. प्रजातन्त्र (सदस्यहरूले सदस्यहरूद्वरा सदस्यहरूका लागि व्यवस्थापन गरिने)	३. सामाजिक उत्तरदायित्व (समाजका लागि पनि काम गर्नु पर्ने जिम्मेवारी)
४. समानता (सदस्यहरू बीच धर्म, जात, पेशा आदिका आधारमा भेदभाव नगरिने)	४. अरुको हेरचाह (सदस्यको हितको लागि काम गर्दा गैर सदस्यलाई आघात नपुऱ्याउने बरु सहयोग पुऱ्याउने)
५. समन्याय (लगानीको आधारमा बराबर प्रतिफल प्राप्ति)	
६. ऐक्यबद्वता (एकताबाट बलियो हुने विश्वास)	

४. सहकारीताका सिद्धान्त र मूल्यहरू बीचको सम्बन्ध

सिद्धान्तहरू मूल्यहरूलाई व्यवहारमा उतार्ने मार्गदर्शन (GUIDELINES) हुन् । अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा सन् १९९५ मा परिमार्जित निम्न सात सिद्धान्तहरू विश्वभर प्रचलित रहेका छन् । माथि उल्लेख गरिएका सहकारीताका मूल्यहरूलाई व्यवहारमा उतार्न ती सिद्धान्त प्रतिपादन भएका हुन् । सहकारीताको सिद्धान्त र सहकारीताका मूल्यहरू बीचको अन्तरसम्बन्धलाई देहाय अनुसार बुझ्नु पर्दछ ।

सिद्धान्तहरू	मूल्यहरू
१. ऐच्छिक तथा खुल्ला सदस्यता	(खुलापन)
२. सदस्यद्वरा प्रजातान्त्रिक नियन्त्रण	(प्रजातन्त्र, समानता)
३. सदस्यहरूको आर्थिक सहभागिता	(समन्याय)
४. स्वायत्तता तथा स्वतन्त्रता	(आत्म सहयोग, स्वउत्तरदायित्व)
५. शिक्षा तालिम तथा सूचना	(इमान्दारीता)
६. सहकारीहरू बीच सहयोग	(एक्यबद्वता)
७. समुदाय प्रति चासो	(सामाजिक उत्तरदायित्व)

५. सहकारीताका सिद्धान्तहरू

५.१ स्वैच्छिक तथा खुला सदस्यता (Voluntary and Open Membership)

- निर्धारित योग्यता पुगेको कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद गर्नु नहुने,
- सदस्य संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको हुनुपर्ने,
- सदस्यको हैसियतले वहन गर्नु पर्ने जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने,
- संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने,
- सदस्यले संस्थाको सदस्यता त्याग्न चाहेमा सदस्यता त्यागी अलग हुन सक्ने ।
- कृतिम छेकवार/बन्देज लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने ।

५.२ सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democrcratric control by Members)

- शेयर जतिसुकै खरिद गरे पनि सदस्यहरूद्वारा सदस्यहरूको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यले गठन हुने हुँदा सदस्यहरूले नै नियन्त्रण गर्नु पर्ने,
- एक सदस्य एक मतको पद्धति लागु हुने,
- संस्थाका सबै सदस्यहरू संलग्न हुन पाउने साधारण सभाद्वारा संस्थाको नीति निर्माण गरिने,
- सहकारीमा साधारण सभा नै सर्वोच्च अंग हुने भएकोले यसले व्यवस्थापिका, कार्यपालिका, र न्यायपालिकाको कार्य सम्पादन गर्ने
- सदस्यहरू मध्येबाटै साधारण सभाद्वारा निर्वाचित प्रतिनिधिहरूद्वारा छानिएको संचालक समितिले सञ्चालन गर्ने,
- सदस्य-सदस्य बीच सेवामा विभेद नगरिने,
- संस्था सञ्चालन कार्यमा संलग्न प्रतिनिधि व्यक्तिगत रुपमा साधारण सदस्य प्रति र सामुहिक रुपमा संचालक समिति प्रति उत्तरदायी हुने ।

५.३ सदस्यको आर्थिक सहभागिता (Economic participation of members)

सहकारी संस्थामा प्रत्येक सदस्यको सानो-सानो पूँजी शेयरको रुपमा संकलित भई सदस्यको आर्थिक सहभागिताद्वारा व्यवसायिक शक्तिको सृजना हुन्छ । साथै शेयर रकमको घटी र बढीले सदस्यहरूको अधिकारमा विभेद गरिदैन । यस अन्तर्गत मुख्य रुपमा निम्न विषयहरू पर्दछन् ।

- सहकारीलाई आर्थिक कार्य, व्यवसाय गर्ने माध्यमको रुपमा स्वीकार गर्ने,
- प्रति शेयर समान मूल्य र एउटा शेयर र एकभन्दा बदी शेयर लिने सदस्यको कानूनी हैसियत र स्तर बराबर हुने,
- सिमित लाभ (धेरै लाभांशले ऐक्यबद्वताको भावना घट्न सक्दछ) वितरण गर्ने,
- सदस्यले गरेको कारोवारका आधारमा संरक्षित पूँजी कोषबाट प्रतिफल पाइने ।
- वचत (नाफा) बाट जगेडा कोष र अन्य कोषहरू खडागरी प्रभावकारी व्यवस्थापन गर्ने ।

५.४ **स्वायत्तता र स्वतन्त्रता (Autonomy and independence)**

सहकारी संस्थाहरू सदस्यहरूद्वारा गठित, सञ्चालित एवं नियन्त्रित स्वायत्त एवं स्वतन्त्र हुन्छ ।

- संस्था बाहृय नियन्त्रण, हस्तक्षेपबाट मुक्त हुने,
- सदस्यहरूद्वारा स्वयं (आन्तरिक) नियन्त्रण र सन्तुलनको व्यवस्था अर्थात संस्थामा हिनामिना तथा अन्य गलत कार्य भए सदस्यहरू स्वयं जिम्मेवार हुने व्यवस्था,
- संस्थाले अन्य संस्था/व्यक्ति/सरकार सबै सँग निश्चित शर्त र सम्झौताको आधारमा कार्य गर्न सक्ने अधिकार
- आफ्ना संस्था सञ्चालन गर्न चाहिने विनियम आफै बनाउन सक्ने अधिकार
- सहकारी संस्थाले उपयोग गर्ने स्वायत्तता र स्वतन्त्रता प्रचलित ऐन, नियम, सहकारी मूल्य, सिद्धान्तको परिधिमा रही उपयोग गर्नुपर्दछ ।

५.५ **शिक्षा, तालिम र सूचना (Education, Training and Information)**

थाहा पाएको विषय संस्था सहकारीका प्रत्येक सदस्यलाई सहकारी सम्बन्धी शिक्षा, तालिम दिएर योग्य र सक्षम बनाउनु पर्दछ भन्ने मान्यता यो सिद्धान्तले राख्दछ । यसमा संस्थामा हुने प्रत्येक क्रियाकलापको जानकारी सदस्यहरूलाई दिनु पर्ने र सदस्यले पनि आफुले जानकारी दिने दोहोरो सूचना प्रणालीको व्यवस्था लगायत निम्न विषयहरू पर्दछन् ।

- संस्थाले सदस्यहरूलाई सहकारी शिक्षा र आवश्यकता अनुरुप व्यवसायिक सीप विकास व्यवस्थापन तालिम प्रदान गर्नुपर्ने,

- सहकारी शिक्षा कोषको व्यवस्था हुनुपर्ने,
- प्रशिक्षित/शिक्षित सदस्यहरूद्वारा संस्थाको समुन्नतिमा योगदान पुग्ने,
- संस्था भित्र र बाहिर सूचना प्रणालीको विकास र युग अनुसारको सूचना प्रदान गर्नुपर्ने ।

५.६ **अन्तर सहकारी सहयोग (Coperation among Coperatives)**

एउटै मात्र संस्था स्वयंमा पुर्ण हुन कठिन हुने भएकोले सहकारी मार्फत सानास्तरमा गरिने व्यवसायिक क्रियाकलापलाई बढाएर निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने उर्जा विकास गर्ने, सहकारी-सहकारी बीच परस्पर सहयोग जरुरी हुन्छ ।

- प्रारम्भिक देखि अन्तर्राष्ट्रियस्तरसम्मका सहकारीहरु बीच सूचना एवं व्यवसायिक संजालको विकास गर्ने,
- अन्तरसहयोगको माध्यमबाट अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने,
- जिल्लास्तरीय विषयगत संघ, जिल्ला सहकारी संघ, केन्द्रीय संघहरू, राष्ट्रिय सहकारी संघ हुँदै अन्तरराष्ट्रिय सहकारी महासंघ सम्मको, अन्तरसम्बन्धबाट व्यवसायिक क्रियाकलापको दायरा विस्तार गर्ने ।

५.७ **समुदाय प्रति चासो (Concern for Community)**

सहकारी संस्थाहरू समुदायका अभिन्न अंग भएकोले आफ्ना सदस्यका साथै सामुदायिक क्रियाकलापमा सरिक भई सामुदायिक विकासका कार्यहरू गर्नु पर्ने हुन्छ । यो सिद्धान्त अनुसारः

- समूहको एकपक्ष कमजोर भए अन्य पक्ष पनि कमजोर हुन जान्छ (अन्तरनिर्भरता) भन्ने मान्यतालाई यो सिद्धान्तले स्वीकारेको छ,
- समूहको हितकै लागि गठन हुने,
- समुदाय प्रतिको सेवाले संस्थामा सकारात्मक प्रभाव पार्ने,
- वृक्षारोपण, शिक्षा, स्वास्थ्य, परिवार नियोजन, सरसफाई, खानेपानी, कुलो, पाठशाला, धार्मिक सांस्कृतिक पर्वहरूमा सहकारी सहयोग बढाउने,
- आकस्मिक दुर्घटना/दैवी प्रकोप- (आगलागी, भुइचालो आदि) को समयमा उद्धार र पुनर्स्थापनाका कार्यमा सहभागिता बढाउने

६. सहकारी व्यवसाय र अन्य व्यवसाय बीचको फरक

सहकारी सम्बन्धी ज्ञानलाई अझ बढी स्पष्ट गर्न बुँदागत रुपमा सहकारी र अन्य व्यवसाय बीचको फरक प्रस्तुत गरिएको छ । सहकारी संस्था एउटा सामुदायिक व्यवसायिक इकाई हो । त्यसैले सहकारी व्यवसाय कस्तो

हो भन्ने थाहा पाउन समग्र व्यवसायको स्वरुपलाई संचालक र सञ्चालन पद्धतिका आधारमा सहकारी व्यवसाय र निजी व्यवसायको रुपमा विभाजन गरी तिनको फरकलाई तुलनात्मक रुपमा स्पष्ट पारिएको छ ।

	सहकारी व्यवसाय	निजी व्यवसाय
१. नीति	सदस्यहरूको सामाजिक आर्थिक विकासका लागि सहकारी मूल्य र सिद्धान्त अनुसार सञ्चालन गरिने ।	सरकारी लगानीलाई क्रमशः घटाउदै निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्दै जाने ।
२. लक्षित वर्ग	सहकारी ऐन, २०४८ ले तोकेका भूमिहीन, कृषक, कालिगढ, मजदूर, न्यून आयवर्ग ।	मुलुकका सबै नागरिक सहभागी हुन सक्ने ।
३. उद्देश्य	लक्षित वर्गको सामुहिक सहभागिता मार्फत स्थानीय स-साना पूजीहरूको संकलन गरी सदस्यहरू स्वयंलाई व्यवसायमा संलग्न गराई सदस्यहरूकै आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने ।	व्यक्तिगत पूँजी लगानी गरी नाफा आर्जन गर्ने ।
४. सदस्यता	ऐच्छिक र खुला सदस्यताको सिद्धान्त लागु हुने ।	खुला सदस्यताको सिद्धान्त लागु नहुने । सदस्यताका निमित्त निश्चित आधारहरू विकास गरिने ।
५. व्यवसायिक क्षमता	विभिन्न सदस्यहरूसंग छरिएर रहेको साना साना आर्थिक, भौतिक, श्रोतहरू एकीकृत भई व्यवसायिक क्षमताको सिर्जना हुने ।	एउटै व्यक्ति वा दुई भन्दा बढी व्यक्तिहरू रहेको आर्थिक, भौतिक साधनको प्राचुर्यताका साथै व्यवस्थापकीय कौशलता, साहस/आंट र शीपको प्रयोग गरी क्रमशः एकलौटी व्यवसाय र कम्पनी व्यवसाय सञ्चालन हुने ।
६. व्यवसायिक पद्धति	संस्थाको विधान, नीति निर्माण लगायतका विषयको निर्णय सम्बन्धी सम्पूर्ण कार्यहरू, उक्त निर्णयलाई कार्यान्वयन गर्ने, कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने, संस्थाको कारोवारमा संलग्न भएर लाभ लिने एवं मूल्यांङ्गन गर्ने आदि व्यवस्थापनका सबै पक्षमा सदस्यको क्रियाशील सहभागिता अनिवार्य हुन्छ ।	व्यवसाय सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्त गरी निर्णय देखि मूल्यांकन सम्मका सम्पूर्ण व्यवस्थापकीय कार्य सम्पादन गरिन्छ । यसमा सबै स्वामित्वधारीहरूको सहभागिता नहुन सक्छ । अतः लगानीकर्ताहरूले तय गरेको एकलौटी नीति लागु गरिन्छ ।
७. उत्पादक, वितरक र उपभोक्ता	सहकारीमा उत्पादक, वितरक र उपभोक्ता तीनै पक्ष स्वयं सदस्यहरू नै हुन्छन् । त्यसैले सहकारी व्यवसायको पहिलो बजार सदस्यहरू नै हुन् ।	निजी व्यवसायमा यी तीनै पक्षहरू छुट्टा-छुट्टै हुन्छन् । त्यसैले निजी व्यवसायको बजार जो सकै पनि हुनसक्छ ।

८.व्यवस्थापकीय अधिकार	शेयर बढी या घटी लिने हुंदा एक सदस्य एक मतको स्थिति हुन्छ । त्यसैले सहकारीमा मानवीय मूल्य मान्यतालाई कार्य सञ्चालनमा प्रधानता दिइन्छ, पूँजीलाई होइन ।	यसमा शेयर संख्याको आधारमा मताधिकार बढी वा घटी हुने हुनाले एउटै शेयर सदस्यले धेरै मत पनि दिन सक्छ । मत दिन आफै नगई प्रतिनिधि पनि पठाउन सकिन्छ । त्यसैले यसमा पूँजीलाई प्रधानता दिइन्छ व्यक्तिलाई होइन ।
९. सदस्यको सेवा	वस्तुको उत्पादन, कारोवार, सेवा सदस्यको आवश्यकतालाई आधार मानेर गरिन्छ । सेवा/वस्तुको कारोवार सदस्यसँग मात्र गरिदैन । सदस्य सदस्यबीच सेवामा विभेद गरिदैन । सदस्यहरू सहभागिताका निमित्त उत्प्रेरित हुने, नहुने वा कतिको हुने भन्ने सदस्यले प्राप्त गर्ने सेवाको निरन्तरता, गुणस्तरीयता, सुलभता, समानता र त्यसबाट हुने फाइदा जस्ता कुराहरूको आधारमा भर पर्दछ ।	नाफाका आधारमा वस्तुको उत्पादन, कारोवार र सेवा निर्धारित हुन्छ । सेवा/वस्तुको कारोवार बजारका क्रेतासँग हुन्छ, जो अधिकांश गैरसदस्य हुन्छन् । सेवामा कसैसित विभेद हुदैन । व्यक्तिले आवश्यक वस्तुको आपूर्ति खुला बजारबाट गर्ने हुंदा यस्तो स्थिति हुँदैन ।
१०. नियन्त्रण प्रणाली	प्रजातान्त्रिक सिद्धान्तका आधारमा स्वयं सदस्यहरूको क्रियाशिलतामा संस्थाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिएको हुन्छ ।	लगानीकर्ता स्वयंबाट व्यवसायिक सिद्धान्त अनुरुप निर्धारित नीतिका आधारमा व्यवस्थित गरिन्छ ।
११. व्यवसायिक संरचना	साधारण सभाको निर्णय अनुसार प्रारम्भिक संस्थाले आन्तरिक व्यावसायिक संरचना तयार गर्दछ । संस्थागत तर्फ भने सहकारी संस्थाहरू सदस्य भएका विभिन्न संघहरुको गठन गरी सहकारी व्यवसाय प्रवर्द्धन गर्न सकिने ।	आफ्नो व्यवसाय अनुरुप व्यवसायी आफैले कुन व्यवसायीक संगठनको सदस्य बन्ने भन्ने तय गर्नु पर्ने हुन्छ । व्यवसायिक एकताका हिसाबले जिल्ला देखि केन्द्रसम्म उद्योग वाणिज्य संघ खोली सञ्चालन गर्न सकिने ।
१२. विशेष छुट सुविधा	सहकारी ऐन २०४८ ले निजी व्यवसायको तुलनामा सहकारी व्यवसायलाई विशेष छुट सुविधा प्रदान गरेको छ । जस्तै भन्सार महशुल, रजिष्ट्रेशन दस्तुर, स्थानीय कर आदि । यस अतिरिक्त निजी व्यवसायले प्राप्त गरेका छुट पनि यस्ता संस्थाले पाउँछन् ।	प्रचलित ऐन कानून उद्योग व्यवसायमा निजीक्षेत्रको संलग्नतालाई बृद्धि गर्न विभिन्न सहुलियत, छुट दिएको भएतापनि सहकारीलाई प्राप्त हुने सम्पूर्ण प्रकृतिका छुटहरू निजी व्यवसायलाई प्राप्त नहुने ।
१३. सामाजिक चासो	सहकारी व्यवसाय स्थानीय समाजकै सदस्यहरूद्वारा संचालित हुने हुँदा यो	निजी व्यवसाय नाफामुखी भएको हुँदा यसले सामाजिक चासोलाई

	नाफामुखी नभई सदस्यको आर्थिक विकासमुखी हुने र यसले सामाजिक चासोलाई समेत आत्मसात गरी व्यवसाय गर्ने ।	ज्यादै कम मात्रामा आत्मसात गरिएको पाइन्छ । त्यस्तो सामाजिक चासो पनि व्यवसायिक फाइदा गांसेर लिइने ।
१४. दायित्व	सहकारी सदस्यहरूको दायित्व सिमित हुन्छ ।	एकलौटी व्यवसायमा सदस्यको दायित्व असिमित हुन्छ भने कम्पनी व्यवसायमा सिमित हुन्छ ।

७. सहकारीमा व्यवस्थापन सम्बन्धी कार्य प्रणाली

सहकारीमा स्वजिम्मेवारीको व्यवस्था गरिएको हुन्छ । स्वतन्त्रता र स्वायत्तताको सिद्धान्तलाई सहकारी ऐन, २०४८ ले अंगीकार गरी सोही ऐनको दफा ७ मा सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुने, छुट्टै छाप हुने, व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न आफ्नो नामबाट नालिस उजुर गर्न र संस्था उपर अरुले नालिस उजुर दिन सक्ने भन्ने उल्लेख छ । संक्षेपमा भन्नुपर्दा सहकारी संस्था एउटा प्राकृतिक व्यक्ति सरहको अधिकारयुक्त कानूनी व्यक्ति हो । जसरी व्यक्तिले आफ्नो सम्पत्ति लगायत अन्य विषयको संरक्षण आफै गर्नु पर्छ त्यसरी नै सहकारी संस्थाले र सदस्यले पनि आफ्नो सुरक्षा आफैं गर्नु पर्दछ । स्वतन्त्रताको अर्थ आफूखुसी गर्न पाउने वा बन्धनहीन अवस्था भने होइन । बरु यो एउटा निश्चित नीति अन्तर्गत रहेर नीतिले स्वीकृत प्रदान गरेका काम कारवाहीहरु आफ्नो अनुकुल ढंगले व्यवस्थापन गर्ने जिम्मेवारी हो । यसै गरी स्वायत्तताको अर्थ बाह्य हस्तक्षेपबाट मुक्तिको अवस्था हो । आफैले नीति नियम⁄विनियम बनाउन र त्यसको कार्यान्वयन गर्न पाउने कानूनी अवस्था हो । त्यसैले आफैंले संस्था गठन गर्न पाउने, नियम बनाउन पाउने, नीतिहरूको उल्लंघन नगरी गरेको कार्यमा राज्य⁄सरकारले समेत हस्तक्षेप गर्न नपाउने अवस्था हो स्वायत्तता । यसमा सदस्य स्वयम्ले सबै काम गर्न पाउने भएकोले संस्थामा हुने अनैतिक क्रियाकलाप, हिनामिना, मस्यौट, भ्रष्टाचार जस्ता पक्षलाई नियन्त्रण गर्ने, कार्यवाही गर्ने, दण्ड सजाय गर्ने, सुधार गर्ने लगायतका सम्पूर्ण दायित्व⁄जिम्मेवारी सदस्यहरूमै रहेको हुन्छ ।

सहकारी सामुदायिक संस्था भएकाले समुदाय प्रतिको जिम्मेवारी वहन गर्नु यसको प्रमुख कर्तव्य हो । सहकारीका सिद्धान्तहरूलाई सहकारी ऐन, २०४८ ले मान्यता प्रदान गरेको परिप्रेक्ष्यमा समुदाय प्रति चासो (CONCERN FOR COMMUNITY) भन्ने सिद्धान्त अनुसार समुदाय प्रतिको जिम्मेवारीको कारणले सहकारीका प्रत्येक सदस्यहरुको संस्थाप्रति व्यक्तिगत एवं समुदाय प्रति सामुहिक जिम्मेवारी रहेको हुन्छ । त्यसैले सदस्यको बचत

मस्यौट गरी फरार हुने व्यक्ति उपर संस्थाका एक एक सदस्यहरू व्यक्तिगत रुपमा जिम्मेवार हुनुपर्दछ । हामीले सहकारीको मूल्य र मान्यतालाई यथार्थरुपमा बुझ्ने चेष्टा नगरी आफूले शेयर लगानी गरे बराबरको रकमको मात्र दायित्व (जिम्मेवारी) रहने सम्झन्छौं । तर सहकारीका सदस्यले सामुदायिक दायित्वलाई बिर्सनु हुँदैन । सहकारीका मूल्य र सिद्धान्त अनुसार सहकारीका सामुहिक रुपमा र सदस्य व्यक्तिगत रुपमा समुदाय प्रति जिम्मेवार हुनु पर्ने हुन्छ । यसै गरी सहकारीको अर्को सिद्धान्त सहकारीहरू बीच सहकारीता (COOPERATION AMONG COOPERATIVES) का आधारमा सहकारी-सहकारी बीच व्यावसायिक जिम्मेवारी पनि रहेको हुन्छ । जस्तै विगतमा केही सहकारी संस्थाहरुले सदस्यहरूको वचत हिनामिना गरी फरार भएको कारणले गर्दा सर्वसाधारण देखि राजनैतिक एवं सरकारी उच्चपदाधिकारीहरूसम्ममा सहकारी संघ/संस्था प्रतिको विश्वसनीयतामा ठूलो आँच आएको छ । फलतः सहकारी मूल्य, सिद्धान्त, ऐन नियम, विभागीय नीति सबैको राम्रोसँग पालना गरेर सफल रुपमा सञ्चालन भइरहेका संस्थाहरू प्रति पनि विश्वास गर्ने वातावरण न्यून हुदै गएको छ । त्यसैले कुनै पनि सहकारी संस्था वा सहकारी पदाधिकारी वा साधारण सदस्य समेतले कुनै पनि कार्य गर्दा क्षणिक फाईदा र व्यक्तिगत स्वार्थ नहेरी आफूले गर्ने कार्यले समग्र सहकारी जगतमै कस्तो प्रभाव पर्छ भन्ने कुराको राम्रोसँग बुझ्नु जरुरी छ ।

सहकारी ऐन, २०४८ ले सहकारी संस्था सम्बन्धी जिम्मेवारी अधिकांश रुपमा सहकारीका सदस्य एवं संस्था स्वयंमा सुम्पिएको छ भने सरकारी निकायको भूमिका सहकारी संघ, संस्थाको प्रवर्द्धन र विकास कार्यमा केन्द्रीत गरेको छ । त्यसैगरी संस्थाहरुको अनुगमनको कार्य समेतमा सहकारीकै संघीय संरचनाबाटै हुनुपर्छ ।

८. सहकारी संस्थाको सदस्य बन्न चाहने र बनिसकेको व्यक्तिले थाहा पाउनैपर्ने विषयहरू

८.१ सहकारी सदस्य बन्न चाहनेले थाहा पाउनु पर्ने विषयहरू

८.१.१ तपाई लगायत पच्चीस वा सो भन्दा बढी परिवार मिली सहकारी संस्था गठन गरी र सदस्य हुन कारोवार सञ्चालन गर्न चाहनु भएको हो भने

- सहकारीको वास्तविक अर्थ के हो बुझ्नुहोस,
- सहकारी संस्था किन गठन गर्नु पर्‍यो ? दीर्घकालिन सोच तयार पार्नुहोस्
- सहकारी संस्थाबाट कुन उद्देश्य पूर्ति गर्ने हो स्पष्ट हुनुहोस्,

- संस्था गठन गरेर सदस्य भएपछि सदस्यले निर्वाह गर्नु पर्ने जिम्मेवारी के के हुन्छ, स्पष्टसँग बुझ्नुहोस्,
- संस्थाको सदस्य बनेर/संस्था गठन गरेर तपाईको उद्देश्य आवश्यकता पूर्ति हुन्छ हुदैन विश्लेषण गर्नुहोस,
- संस्था गठन गरी सके पछि तपाईलाई के के फाइदा हुन सक्छ ? बुझ्नुहोस,
- सबै सदस्य एकजुट भएर काम गर्ने/सामुहिक उद्देश्य पूर्ति गर्ने कुरा व्यवहारमा लागु हुन सक्छ सक्दैन ? छलफल गर्नुहोस,
- संस्था गठन गरेपछि हिजो भइरहेको फाइदा/पाइराखेको सेवा, सुविधामा वृद्धि हुने वा गुम्ने के हो, विचार पुऱ्याउनुहोस्,
- अरु ठाउँमा संस्था खोलियो भन्ने भनाई वा अरुको देखासिकीमा संस्था नखोल्नुहोस्,
- क्षणिक आवेगमा आएर संस्था दर्ता गर्नु राम्रो हुँदैन । संस्था दर्ता गरी सकेपछि यसलाई निरन्तर रुपमा संचालन गर्नु पर्दछ,
- एकपटक दर्ता भएको संस्था विघटन गर्न समेत लामो प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ । दर्ता गर्न जति सजिलो छ, विघठन गर्न त्यत्तिकै गाह्रो पर्दछ, यस विषयमा गंभिर हुनुहोस् ।
- सदस्य बन्न चाहने व्यक्तिहरुको स्थायी बसोवासको बारेमा राम्ररी बुझ्नुहोस् । संस्थाको सम्पत्ति लिएर भाग्ने प्रवृत्तिलाइ जरैदेखि बुझ्नुहोस् ।

८.२ तपाई दर्ता भईसकेको संस्थामा सदस्य बन्न चाहनु भएको हो भने

- बढी र आकर्षक व्याजको लोभमा परी संस्थाको यथार्थ स्थिति जानकारी नलिइ कारोबार गर्दा फस्न सकिने कुरा राम्ररी सोच्नुहोस् । बढी ब्याज दिनेहरूको नियत धेरै रकम संकलन गरी भाग्ने पनि हुन सक्छ । यथार्थ नबुझि रकम जम्मा नगर्नुहोस् ।
- गलत मनसायले गठन गरी कारोवार गर्ने केही संस्थाहरू विशेष गरेर बचत तथा ऋण सहकारी संस्थाहरूले सदस्यहरूलाई संस्थापक सदस्य र कारोवारी सदस्यकारुपमा सदस्यता प्रदान गर्ने गरेको वा सदस्य नै नभएका व्यक्तिहरू (गैरसदस्य) सँग कारोवार गर्ने गरेको पनि पाइन्छ । त्यस्ता गैरकानूनी एवं छदम् व्यवहारलाई सहकारी विभागले विभिन्न परिपत्र तथा पत्रपत्रिका मार्फत सूचना प्रकाशित गरी सुधार गर्न जानकारी गराउँदै आएको छ । अतः शेयर सदस्य नबनाई अन्य विभिन्न किसिमको सदस्य बनाई कारोवार गर्ने

संस्थाको सदस्य नबन्नुहोस् । बनेको खण्डमा तपाइले दुःख गरेर संकलन गर्नु भएको बचत रकमको सुरक्षा नहुन सक्छ ।

- संस्थाका संचालक को-को छन् जानकारी लिने, संस्थाका संचालक विश्वास गर्न योग्य व्यक्ति हुन होइनन् ? निजहरूको कार्य दक्षता उपर भर पर्न सकिन्छ सकिंदैन राम्ररी बुझ्रेर मात्र सदस्यता लिनुहोस् ।
- संस्थाले के-के कार्यक्रम सञ्चालन गरेको छ र त्यसबाट आफुलाई के कस्तो फाइदा हुन्छ, बिचार गर्नुहोस् ।
- संस्था नाफा-नोक्सान के कस्तो स्थितिमा छ सोको विस्तृत जानकारी लिनुहोस् ।
- सहकारी संस्था समुदायमा आधारित भई सञ्चालन हुनु पर्ने प्रकृतिको भएको हुँदा विगतमा सहकारी विभागबाट शाखा खोल्ने अनुमति पत्र प्राप्त गरेका संस्थाहरूलाई आफ्नो कारोवारलाई सीमित गर्दै जुन जिल्लाको जुन ठाँउमा शाखा खोलिएको हो त्यसलाई त्यही स्थानका व्यक्ति (जो-जो त्यस्तो शाखा मार्फत सदस्य बनेका छन) हरू मध्येबाटै त्यही छुट्टै सहकारी संस्था गठन गरी स्थानीयकरण गर्ने निर्देशन जारी गरी सकिएको छ । त्यसैले त्यस्ता संस्थाको भविष्य निश्चित छैन । अतः शाखाको रुपमा सञ्चालन भईरहेका संस्थाहरूको सदस्य नबन्नुहोस् । बन्नु भएको भए तपाइको बचत रकम असुरक्षित हुन सक्छ, बिचार गर्नुहोस् ।
- बचत तथा ऋण लगायतको कारोवार गर्ने सबै प्रकृतिका सहकारी संस्थाहरूको शेयर सदस्य नबनिकन बचत जम्मा गर्ने, ऋण लिने लगायतका कुनै पनि कारोवार गर्ने कार्य कानूनले बन्देज गरेको छ । त्यसैले कुनै पनि सहकारी संस्थामा कारोवार गर्नु अगाडि त्यस्ता संस्थाको शेयर सदस्य नबनी कुनै कारोवार नगर्नुहोस् ।
- संस्था आफ्नो पहुँच, नियन्त्रण भित्र हुन्छ वा हुँदैन ? यसका लागि संस्थाको कार्यालय कत्तिको नजिक छ ? संस्थाको कार्यालय देखेको/पायक गर्ने ठाउँमा भएको, संचालक र साधारण सदस्यहरू आफू बसोबास गरेको क्षेत्रका, जानपहिचान भएका छन्/छैनन्, उक्त कुरा बिचार गरेर आफू ढुक्क भएपछि मात्र सदस्य बन्नुहोस् । कसैको करकाप वा दवाबमा सदस्य नबन्नुहोस् ।
- सकेसम्म संचालकहरूको चरित्र, विगतको छवि, आनिबानी राम्रो भएको संस्थाको मात्र सदस्य हुनुहोस्,
- आफू बसोबास गरेको ठाउँ संस्थाको कार्यक्षेत्र भित्र छ/छैन र संस्था

दर्ताका समयदेखिका सदस्यहरू, संचालकहरूले संस्थामा नियमित रुपमा कारोवार गर्ने गरेका छन्/छैनन्, बिचार गरेर मात्र सदस्य हुनुहोस्,

- संस्थाका संचालक, कर्मचारीहरू र निजका नातेदारहरूले ऋण लिएको भए पर्याप्त सुरक्षा वा जमानत राखेको छन्/छैनन जानकारी माग्नुहोस्,
- संस्थाको सञ्चालन खर्च संस्थाको आम्दानीले धान्ने किसिमले गरिएको छ वा लापरवाही ढंगले खर्च गर्ने गरिएको छ, पत्ता लगाउनुहोस्,
- संचालकहरूले कर्मचारी नियुक्ति गर्दा सक्षमता वास्ता नगरी आफ्ना मान्छे भर्ना गरी आम्दानीको अनुपातमा अनावश्यक बढी तलब सुविधा दिने गरी नियुक्ती गरेको पो छ कि ? बिचार गर्नुहोस्,
- माथिका विषयहरूमा बिचार पुऱ्याई विश्लेषण गर्दा संस्था भरपर्दो लागेमा र पायक पर्ने स्थानमा भएको निश्चित भएपछि शेयर सदस्य बन्ने इच्छा, आवश्यकता र क्षमता भएमा त्यसै संस्थाको विनियमसम्मत ढंगले संस्थामा आवेदन दिई संचालक समितिको निर्णयबाट सदस्यता प्राप्त गरी आफ्नो लगानी बराबरको शेयर संख्याको शेयर सदस्यताको प्रमाण-पत्र लिनुहोस् ।

८.३ सहकारी संस्थाका सदस्यहरूले थाहा पाउनु पर्ने अन्य विषयहरू

- संस्थाको हरहिसाव सहकारी लेखा प्रणाली अनुसार पारदर्शी राख्ने गरेको छ छैन ? नराखेको भए राख्न दवाब दिनुहोस् । बार्षिक लेखापरीक्षण पनि नहुने र साधारण सभा पनि बस्ने गरेको रहेनछ भने संस्थामा गलत काम कारवाही भएरहेको हुन सक्ने तर्फ सधैं चनाखो रहनुहोस् ।
- संस्थामा संचालक समितिको एकाधिकार रहेको र साधारण सदस्यको आवाजको कुनै सुनुवाई/कदर नहुने हैकमवादी व्यवस्थापन प्रणाली लागू छ कि ? त्यस बारेमा आवाज उठाउनुहोस् ।
- संस्था धनी बन्दै जाने तर संस्थाको भूमिकाको कारणले सदस्यको अवस्थामा कुनै सुधार देखिएन भने सदस्य बन्नुको औचित्य रहँदैन ।
- संस्थाको विनियममा सदस्यले वहन गर्नुपर्ने जिम्मेवारी सदस्यको अधिकार संचालक समितिले प्रयोग गर्ने गरी कटौटी भएको नभएको सम्बन्धमा स्पष्ट बुझ्नुहोस् । यदि त्यस्तो नभए थप गर्न पहल गर्नुहोस् ।
- बेलाबेलामा वा कम्तिमा महिनाको १(एक) पटक संस्थामा गई

निरीक्षण गर्नुहोस् ।

- संकलक वा अन्य व्यक्ति मार्फत बचत जम्मा गर्ने गरेको छ भने समय समयमा संस्थामा गई आफ्नो रकम/कारोवार दुरुस्त एवं सुरक्षित छ-छैन जाँच गर्नु होस् ।
- संस्थाले संकलन गरेको रकम के-कस्तो र कुन कुन कार्यमा लगाउँदै छ/खर्च गर्दैछ? जानकारी लिनुहोस् ।
- संस्थाले आम्दानीबाट खर्च गर्नु पर्नेमा तपाईको (सदस्यको) बचतबाट पो घर भाडा बिजुली, पानी, कर्मचारी तलब तथा सुविधा आदिमा खर्च गर्ने गरेको छ कि ? स्पष्ट बुझ्नुहोस् ।
- संस्थाले प्रचलित सहकारी सिद्धान्त, सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, विभागका परिपत्र/सूचनाहरू, सम्बन्धित सहकारी कार्यालयले दिएको निर्देशन, सुझावहरुको पालना गरे नगरेको बुझ्नुहोस्, पालना नगरी गैर कानूनी क्रियाकलाप गर्ने प्रवृत्तिका विरोधमा आवाज उठाउनुहोस् ।

८.४ सदस्यले बहन गर्नु पर्ने जिम्मेवारी

संस्थामा प्रत्येक सदस्यको संस्थामा सामाजिक, आर्थिक, सांस्कृतिक, र व्यवसायिक जिम्मेवारी रहन्छ । यी सबै प्रकारका जिम्मेवारी प्रत्येक सदस्यले क्रियाशील भई पूरा गर्नु पर्दछ । अर्को शब्दमा संस्थाको सम्पूर्ण जिम्मेवारी निम्न अनुसार उल्लेख गर्न सकिन्छ :-

१. प्रत्येक साधारण सदस्यले संस्थाले सुरक्षित ढंगले काम गरिरहेको छ छैन समय-समयमा संस्थालाई आफ्नो बचत रकम सुरक्षित भए नभएको हेर्नु पर्दछ ।

२. संस्थाको साधारण सभामा सहभागी भई संस्थाले वर्ष भरि गरेका आर्थिक, व्यवसायिक, सामाजिक, सांस्कृतिक क्रियाकलापहरूको बारेमा जानकारी लिई चित्त नबुझेका, गलत ढंगले सम्पादन गरिएका विषयहरूमा अर्न्तक्रिया गर्ने, गल्ती गर्ने उपर कारवाहीको माग गर्ने, असल काम गर्नेको प्रशंसा गर्ने, पुरस्कारका लागि पहल गर्ने, भावी योजना तर्जुमा र कार्यक्रम निर्धाणमा सुझाब दिने कार्यहरू गर्नु पर्दछ ।

३. संस्थाको संचालक समिति, लेखा समिति र उपसमितिहरूको व्यवस्थापकीय पदहरूमा बसी कार्यगर्ने, संस्थाका क्रियाकलापहरू बारे अनुगमन, मूल्यांकन गर्ने कार्यमा सदा सक्रिय सहभागी हुनुपर्छ ।

४. सदस्य आफूले उत्पादन गरेको वस्तु तथा सेवा आफ्नो संस्थामा

बिक्री गर्ने र संस्थाले उपलब्ध गराएको वस्तु तथा सेवा उपयोग गर्नु पर्दछ ।

५. प्रत्येक सदस्यले संस्थामा हुने निर्णय र क्रियाकलापको बारेमा जानकारी दिई अन्य सदस्यहरूलाई समेत जानकारी दिने, राय प्रतिक्रिया भए सुझाव दिने, गलत निर्णयको विरोध गर्ने कार्यमा पछि पर्नु हुँदैन ।

६. सहकारी सदस्यले आफ्नो संस्थामा के कस्ता निर्णयहरू भइ रहेका छन् ? संस्थाबाट के कस्ता काम कार्यवाही भई रहेका छ । त्यस्तो काम कार्यवाहीले संस्थाको/सदस्यको हित गर्छ, गर्दैन ? संस्थामा धांधली वा हिनामिन भएको छ कि ? पक्षपात पूर्ण व्यवहार भएको छ कि ? त्यस्ता नियन्त्रणमूलक पक्षहरूमा समेत सधै चनाखो भएर ध्यान/दृष्टि पुऱ्याउनु पर्दछ ।

७. संस्थाको कारोवारमा अनियमितता भएको जानकारी भएमा अन्य सदस्यहरूमा लेखा समितिमा, साधारण सभामा, सम्बन्धित डिभिजन सहकारी कार्यालयमा, सम्बन्धित संघहरूमा लिखित जानकारी गराउनु पर्दछ ।

८. संस्थाका प्रत्येक शंकास्पद क्रियाकलापका बारेमा, संचालक समितिकै बैठकमा, लेखा समितिमा सम्बन्धित जिल्ला संघ, सम्बन्धित डिभिजन सहकारी कार्यालयमा लिखित उजुरी दिनुपर्दछ । साधारण सभा लगायतका सहकारी संस्थाका प्रत्येक व्यवस्थापकीय अंगमा निर्णयका लागि पेश गरिएका प्रस्तावहरू सबै ठिक र उपयुक्त नहुन सक्छन्, बुझेर ठीक भए मात्र स्वीकार गर्नुपर्छ ।

९. माथि उल्लेखित विभिन्न विषयमा चासो राखेर छलफल अन्तर्क्रिया समेत गर्नु पर्दछ । अन्यथा तपाईको बचत, शेयर, व्यक्तिगत योगदान समेत डुब्न सक्छ । संस्थाका प्रत्येक सदस्यको क्रियाशील सहभागिताले संस्थामा नियन्त्रण र सन्तुलनको काम मात्र गर्दैन, संस्थाको उन्नतिका साथै आफ्नो समेत उन्नति हुने कुरामा शंका रहँदैन ।

९. सहकारी संस्थाले पालना गर्नुपर्ने मुख्य मुख्य विषयहरू

हाल प्रचलित सहकारी ऐन २०४८ को दफा ५(१) ले सहकारी सिद्धान्तहरूलाई समेटेको हुनाले विभागबाट समय समयमा सहकारीका मूल्य एवं सिद्धान्तका आधारमा नीतिगत निर्णयहरू गरी सार्वजनिक गरिएको विषयहरूलाई संस्थाले अनिवार्य रुपमा पालना गर्नुपर्दछ । त्यस अतिरिक्त संस्थाहरूले पालना गर्नु पर्ने मुख्य मुख्य विषयहरूलाई निम्नानुसार उल्लेख गरिएको छः-

१. इमान्दारिता, पारदर्शिता, सामूहिक सहभागिता, सहअस्तित्व र प्रजातान्त्रिक पद्धति सहकारी संस्था सञ्चालनका मूल आधार भएकाले संस्था सञ्चालनमा ती पक्षलाई आत्मसात गर्नुपर्दछ ।

२. सहकारी संस्थाहरू सदस्य केन्द्रीत हुन्छन् । अतः संस्थाहरूले आफ्नो व्यवसायलाई सदस्य केन्द्रीत तुल्याई सदस्यसँग मात्र कारोवार गर्न पाउँछ र गैर सदस्यसँग कारोवार गर्न पाउँदैन । त्यसैले सहकारिताको यस मूल मर्मलाई मनन गरी संस्था सञ्चालन गर्नुपर्दछ ।

३. सहकारी संस्थामा सदस्यहरू स्वयं उपस्थित भई कारोवार गर्नुपर्ने हुनाले सहकारी संस्थाको कार्यक्षेत्र सदस्यहरूको सहज पहुँचका आधारमा तय गरिनु पर्दछ । हाल सहकारी विभागले सामान्यतः संस्थाको कार्यक्षेत्र निम्न बमोजिम हुने गरि सीमावद्ध गरेको छ ।

(अ) बसोबासको आधारमा दर्ता हुने बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थालाई दर्ताको समयमा देहाय बमोजिम हुने गरी कार्यक्षेत्र तोकिने छ ।

(क) **गाँउ विकास समिति क्षेत्र** : एक गाँउ विकास समितिका भिन्न परिवारका २५ जनाले आवेदन गर्दा एक गा.वि.स. तर प्रत्येक गा.वि.स. बाट थप भिन्न परिवारका २५ जना आवेदनको आधारमा जोडिएका ५ वटा गा.वि.स. सम्म ।

(ख) **नगरपालिका क्षेत्र** : एक नगरपालिकाको जोडिएका २ वटा वडा कार्य क्षेत्र राखी भिन्न परिवारका २५ जना सोही वडाका बासिन्दाहरुले आवेदन गर्दा नगरपालिकाको २ वटा जोडिएका वडा कार्यक्षेत्र दिई संस्था दर्ता गरिनेछ । तर जोडिएका २ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा नगरपालिका भरी

(ग) **उपमहानगरपालिका/महानगरपालिकाक्षेत्र**: उपमहानगरपालिका र महानगरपालिकाको १ वटा वडा कार्यक्षेत्र राखी भिन्न परिवारका २५ जना आवेदन गर्दा १ वडा तर प्रत्येक जोडिएका १ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा जोडिएका ५ वटा वडा सम्म

(आ) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले उपदफा (१) को आधारमा एकै जिल्ला भित्रका जोडिएका गाँउ विकास समिति र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाका वडा क्षेत्र समेत जोडी कार्यक्षेत्र कायम गर्न माग गर्न सक्नेछन ।

४. सहकारी संस्था समुदायमा आधारित रही सञ्चालन गर्नु पर्ने हुँदा कुनै पनि संस्थाले शाखा खोली कारोवार गर्न पाउँदैन विभागबाट स्वीकृति लिइ सदस्यता सेवा केन्द्र खोल्न सकिन्छ ।

५. संस्थाले विनियम बाहेक आफ्नो कारोवार गर्न नियमहरू बनाई सोही

बमोजिम लागु गर्नु पर्नेछ । जस्तो ऋण लगानी तथा असुली नियम, आर्थिक तथा प्रशासनिक नियम आदि ।

६. आम्दानीको अनुपातमा प्रशासनिक खर्च सिमित गर्ने । संस्थाको आम्दानीले धान्न नसक्ने गरी कर्मचारी नियुक्ति र तलव, भत्ता खर्च प्रदान नगर्ने ।

७. संस्थाले आफ्ना सदस्यहरू बीच मात्र कारोवार गर्नुपर्ने हुनाले उचित ब्याज दर निर्धारण गर्ने साथै लोभलाग्दो र प्रचलित व्याजदरमा अपत्यारिलो ब्याजदर राखी भड्किलो विज्ञापन गर्नु हुंदैन ।

८. लगानी गर्दा पर्याप्त सुरक्षणको व्यवस्था गर्ने । संस्थामा आवश्यक तरलता कायम गरेर मात्र लगानी गर्ने ।

९. संस्थाको शेयर पूँजी र आर्थिक क्षमता विश्लेषण गरेर मात्र आफ्नो लगानी गर्ने ।

१०. संस्थाले सदस्यलाई शेयरपूँजी र बचतको रकम जोडी हुन आउने रकमका अनुपातमा मात्र ऋण लगानी गर्ने ।

११. निर्णय गर्दा संस्थाको सामान्य कारोवार बाहेकका विषयहरूमा साधारण सभाबाटै निर्णयहरू गर्ने ।

१२. संचालक समितिले संस्थालाई असर पर्ने कुनै निर्णय गरी साधारण सभामा अनुमोदनका लागि पेश गरेमा साधारण सभाले त्यस्तो निर्णयको अनुमोदन गर्नु हुदैन । अन्यथा संचालक समिति स्वेच्छाचारी हुन जान्छ ।

१३. संस्थाले व्याजदर निर्धारण गर्दा प्रचलित बजार दरका आधारमा परिमार्जन गर्नुपर्छ अन्यथा पूँजीको सही लगानी हुन सक्ने वातावण बन्दैन । संस्थाले बढी व्याजदर प्रदान गरेर सदस्यको भलाई गरेको ठहर्दैन । सदस्यलाई व्यवसाय उन्मुख गराउन सहयोग गर्नुपर्दछ । आकर्षक व्याजदर तोकी विज्ञापन गरेर रकम संकलन गरी पूँजीको उपयोग हुन नसक्ने अवस्थाले संस्थालाई नराम्रो असर पार्दछ । त्यसैले चलन चल्तिको भन्दा बढी ब्याजदर साधारण सभाले पारित गर्नु हुदैन ।

१४. पूँजिमा न्यूनतम ब्याज सहकारीको स्थापित मान्यता नै हो । सहकारीले ब्याज, हर्जाना, सेवा शुल्क आदि भनेर सदस्यसँग चर्को ब्याज असूल गर्ने प्रयास गर्नु हुँदैन ।

१५. सहकारीमा संस्थापक संचालक सदस्यको व्यवस्था नभएकाले कुनै संस्थाले संस्थापक मध्येबाट संचालक सदस्यताको व्यवस्था गरेको भए त्यस्तो व्यवस्थालाई साधारण सभाबाट खारेज गरी सम्बन्धित डिभिजन सहकारी कार्यालयमा स्वीकृतिका लागि पठाउनु पर्दछ ।

१६. प्रत्येक संस्थाले वार्षिक रुपमा अनिवार्य रुपमा लेखापरीक्षण र साधारण सभा गराउनु पर्छ ।

१७. सबै सहकारी संस्थाहरूले जिल्ला सहकारी संघको सदस्यता लिने र जिल्ला सहकारी संघहरूले पनि सबै प्रकृतिका संघ सस्थाहरूलाई सदस्यता प्रदान गर्न विभिन्न बाधा अड्चन देखाई सरल रुपमा सदस्यता प्रदान नगर्ने प्रवृत्तिलाई हटाउने ।

१८. संचालक समितिले सदस्यहरूको बचत संकलन गरी फजुल खर्च गरेको रहेछ भने त्यस्तो फजुल खर्च संचालक समितिका सदस्यहरूबाट असुल उपर गर्न साधारण सभाबाटै निर्णय गर्ने ।

१९. कुनै पनि संघ संस्थाले सम्बन्धित व्यक्तिको लिखित स्वीकृति र साधारण सभाको निर्णय नभई कसैलाई पनि सल्लाहकारमा नियुक्ती नगर्ने ।

२०. प्रारम्भिक सहकारी संस्थाको नाम एकै जिल्लामा एउटै हुनुहुँदैन । साथै संस्थाको नाममा फाइनान्स, इन्भेष्टमेन्ट जस्ता शब्द राख्नु हुदैन । यसैगरी कुन कार्यप्रकृतिको संस्था हो सो नखुलाई नामाकरण गर्नु हुँदैन (जस्तै जनमूखी सहकारी संस्था लि., दुध उत्पादक सहकारी संस्था लि.) । यस अघि विषय प्रकृति उल्लेख नगरी सहकारी संस्था लि., वा साना किसान सहकारी संस्था, महिला उत्पादन सहकारी संस्था आदिमात्र नामाकरण गरी दर्ता भएका संस्थाले आफ्नो संस्थाको विषय प्रकृति उल्लेख गरी नाम संशोधनका लागि साधारण सभाबाट पारित गराई सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पेश गर्ने ।

२१. संचालककहरूको फोटो सहितको तीन प्रति विवरण दुई प्रति तयार गरी एक प्रति संस्थामा राखी अर्को प्रति डिभिजन सहकारी कार्यालयमा पठाउने ।

२२. निर्वाचन हुनासाथ संचालककहरूको विवरण अनिवार्य रुपमा पेश गर्ने व्यवस्था मिलाउनु पर्दछ । त्यस्तो विवरण एक प्रति संस्थामा राख्ने र एक प्रति सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पठाउने ।

२३. एकल उद्देश्यका सहकारी संस्थाले विनियम संशोधन स्वीकृत नभई अन्य कार्य नगर्ने (जस्तै वचत तथा ऋण सहकारी संस्थाले HOUSING (घर जग्गा व्यवस्था) को कार्य नगर्ने) ।

२४. नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त सहकारी संस्थाहरूले सहकारी विभागको अतिरिक्त नेपाल राष्ट्र बैंकको निर्देशन समेत पालना गर्ने । अन्यको हकमा सहकारी विभागले निर्धारण गरेका शर्तहरूको पालना गर्ने ।

२५. बहुप्रकृतिको संस्था दर्ता गरी एक प्रकृतिको कार्यमात्र गर्नु ऐनको व्यवस्थाको प्रतिकूल हुन्छ । जस्तै बहुउद्देश्यीय संस्था दर्ता गरी बचतको मात्र कारोवार गर्न मिल्दैन ।

२६. संस्थाको सञ्चालक सदस्य र कर्मचारी एउटै व्यक्ति हुनुहुँदैन । संस्थाको संचालकले कर्मचारीको समेत कार्य गरी सो बापत तलब लिन पाउँदैन । तर साधारण सभाले निर्णय गरे बमोजिमको संचालक समितिको बैठक भत्ता लिन भने कुनै बाधा हुदैन ।

२७. विभागीय निर्णय अनुसार जोडिएका ५ गा.वि.स.सम्म कार्यक्षेत्र राख्न पाइने भएपनि संस्थाले एकै पटक ठूलो कार्यक्षेत्र नराख्ने । शुरुमा बढीमा एक गा.वि.स. सम्म कार्यक्षेत्र राखेमा संस्था व्यवस्थापन गर्न सहज भई सफलता तर्फ ढल्किन सक्छ । एक गाउँ एक सहकारीको अवधारणा कतिपय ठाउँमा प्रचलनमा पनि छ ।

१०. सहकारी संस्था दर्ता कसरी गर्ने ?

१०.१ प्रथम प्रारम्भिक भेला

प्रस्तावित प्रारम्भिक सहकारी संस्थाले समेटेको कार्यक्षेत्र भित्र बसोबास गर्ने सहकारी ऐन अनुसार योग्यता पुगेका कम्तीमा २५ जना व्यक्तिहरू मिली, स्वयं उपस्थिति भई उपस्थित मध्ये कसैको अध्यक्षतामा पहिलो पटक प्रारम्भिक भेला गरी निम्न विषयमा प्रस्ताव राखी निर्णय गर्नुपर्दछ :-

- संस्था खोल्ने विषयमा,
- संस्थाको नाम, ठेगाना सम्बन्धमा,
- कार्यक्षेत्र निर्धारण गर्ने विषयमा,
- संस्थाको उद्देश्य र कार्यहरू सम्बन्धमा,
- प्रति शेयर रकम र प्रवेश शूल्क निर्धारण सम्बन्धमा,
- संस्थाको तदर्थ सञ्चालक समितिको गठन (निर्वाचन) सम्बन्धमा,
- प्रस्तावित संस्थाको विनियम बनाउने सम्बन्धमा,
- शेयर र प्रवेश शुल्क बापत रकम उठाउने र जिम्मा दिने सम्बन्धमा,
- कार्ययोजना बनाउने विषयमा,
- अन्य विविध विषयमा ।

माथि उल्लेखित प्रस्तावहरूका विषय मध्ये केही महत्वपूर्ण विषयहरूको सम्बन्धमा तल स्पष्ट गरिएको छ ।

तदर्थ सञ्चालक समितिको गठन - उपस्थित व्यक्तिहरू मध्येबाट आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र अन्य तीनजना सदस्य रहने गरी कम्तिमा सात जना सम्मको तदर्थ सञ्चालक समिति गठन गर्ने ।

१०.१.१ **विनियम बनाउने**

प्रस्तावित प्रारम्भिक सहकारी संस्था लि.को ३ प्रति विनियम बनाउनु पर्दछ । विनियम तथा नियमावली बनाउनको लागि विनियम मस्यौदा समिति पनि बनाउन सकिन्छ । समिति बनाउन सम्भव नभएमा सभाको सदस्य मध्ये कुनै सदस्यले मस्यौदा बनाई सभामा पेश गर्न सक्नेछ । विनियम बनाउँदा निम्न अनुसार गर्नुपर्दछ ।

१. मस्यौदा समिति वा कुनै सदस्यले तयार पारी सभामा प्रस्तुत गरेको मस्यौदालाई माथि उल्लेख गरिए बमोजिम भेलाबाट पारित गराई तदर्थ समितिका सम्पूर्ण सदस्यहरूले ३ प्रति विनियमको अन्तिम पानामा र तदर्थ समितिको अध्यक्ष र एकजना सञ्चालकले प्रत्येक पृष्ठको शिर र पुछारमा दस्तखत गर्नुपर्दछ ।

२. संस्थाको नाम अन्य सहकारी संस्थाका नामसँग नदोहोरिने गरी प्रस्तावित गर्नुपर्दछ । नाम राख्नु अघि सम्बन्धित डिभिजन सहकारी कार्यालयबाट स्वीकृति लिनु पर्दछ ।

३. संस्थाको उद्देश्य र कार्यहरू स्पष्ट र छुट्टाछुट्टै हुनुपर्छ । कार्यलाई उद्देश्यमा राख्ने र उद्देश्यलाई कार्यमा राख्ने गर्नुहुँदैन । उद्देश्य संस्थाको कार्य प्रकृति अनुसार छोटो र स्पष्ट हुनुपर्दछ । उक्त उद्देश्यहरू हासिल गर्ने प्रयोजनको लागि प्रत्येक उद्देश्य हासिल गर्न छुट्टाछुट्टै कार्यहरू स्पष्ट रुपमा लेख्नु पर्दछ । कार्य उल्लेख गर्दा उपरोक्त उद्देश्य अनुरुप आवश्यक अन्य कार्यहरू गर्ने आदि, इत्यादि लेख्नुहुँदैन । उद्देश्य हासिल गर्न आवश्यक कार्यहरू विनियम बनाउँदा नै पूरा उल्लेख गर्नुपर्छ । आफ्नो संस्थाको उद्देश्य भन्दा बाहिर गएर कार्यहरू उल्लेख गर्नुहुँदैन ।

४. वचत तथा ऋण सम्बन्धी कारोवार मात्र गर्ने तथा वचत तथा ऋण सम्बन्धी संस्थाका लागि प्रस्तावित विनियममा आफ्ना सदस्यहरूबाट मात्र निक्षेप स्वीकार गर्ने र आफ्ना सदस्यलाई मात्र ऋण प्रदान गर्न सकिने व्यवस्था स्पष्ट रुपमा राख्नुपर्दछ ।

५. प्रस्तावित संस्थाको काम वचत तथा ऋणको कारोवार मात्र गर्ने रहेछ भने संस्थाको नामको पछाडी वचत तथा ऋण सहकारी संस्था लि. राखिएको हुनुपर्दछ । नामको पछाडी फाइनान्स, इन्भेष्टमेन्ट जस्ता शब्दहरू राख्नुहुँदैन ।

६. कुनै संस्था दर्ता गर्न जाँदा प्रस्तावित विनियमको उद्देश्य र कार्यहरूमा सकेसम्म एकल उद्देश्यका कार्य र सोसँग सम्बद्ध कार्यहरू मात्र उल्लेख गर्नुपर्दछ ।

७. संस्थाको नामबाट संस्थाको कार्यप्रकृति खुल्ने हुनुपर्दछ । एउटा मात्र उद्देश्य राख्नेले नाम बहुउद्देश्यीय राख्नुहुँदैन ।

८. वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको साथै अन्य प्रारम्भिक सहकारी संस्थाको कार्यक्षेत्र शुरुमा गाउँ विकास समितिमा भए जोडिएका बढीमा पाँचवटा गाउँ विकास समिति, नगरपालिका भए बढीमा उक्त नगरपालिका भरी, उपमहानगरपालिका, महानगरपालिका भए बढीमा जोडिएको पाँच वडाहरू कायम गर्नुपर्दछ । कार्यक्षेत्र राख्दा सकेसम्म सोही प्रकृतिको दर्ता भई सञ्चालनमा रहेको संस्थाको कार्यक्षेत्रलाई आफ्नो कार्यक्षेत्रमा राख्नुहुँदैन ।

९. प्रस्तावित विनियममा निम्न विषयहरू अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्दछ (सहकारी ऐन २०४८/सहकारी नियमावली २०४९)

विनियममा उल्लेख गर्नुपर्ने विषयहरू

प्रस्तावित संस्थाको

१. नाम, ठेगाना,
२. कार्यक्षेत्र,
३. परिभाषा,
४. उद्देश्य,
५. कार्य,
६. सदस्यता,
७. सदस्यको लागि योग्यता,
८. प्रवेश शुल्क,
९. सदस्यताबाट राजीनामा,
१०. सदस्यको निष्काशन,
११. कोषको व्यवस्था,
१२. शेयर पूँजी,
१३. शेयरको प्रमाणपत्र,
१४.शेयरको हस्तान्तरण वा फिर्ता,
१५. दायित्व
१६. हकवालाको मनोनयन,
१७. हकदावी वा नामसारी,
१८. प्रारम्भिक साधारण सभा,
१९. साधारण सभा,
२०. विशेष साधारण सभा,
२१. साधारण सभाका कर्तव्य र अधिकार,
२२. सञ्चालक समितिको गठन एवं काम कर्तव्य र अधिकार
२३. सञ्चालकको पदमा बहाल रहन नसक्ने अवस्था,
२४. समितिको बैठक,
२५. अध्यक्षको काम, कर्तव्य र अधिकार,
२६. उप-समितिको गठन र कार्यविधि,
२७. लेखा समितिको गठन,
२८. लेखासमितिको काम, कर्तव्य र अधिकार
२९. व्यवस्थापकको नियुक्ति, काम कर्तव्य र अधिकार
३०. वचत वितरण,
३१. कोषको उपयोग
३२. संघ, संस्थाले राख्न पर्ने वहिखाता र किताबहरू
३३. वार्षिक हिसाब जाँच,
३४. निर्वाचन,
३५. मध्यस्थता सम्बन्धी व्यवस्था,
३६. विनियम संशोधन,
३७. विघटन,
३८. विविध ।

१०.१.२ कार्ययोजना बनाउने

सहकारी संस्था दर्ता गरी सके पछि विनियममा उल्लेख गरिएका उद्देश्य हासिल गर्न के कस्ता कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यको लागि कसरी पूँजी संकलन गर्ने, कारोवार कुन आधारमा गर्ने, सो उद्देश्य अनुसार कार्य गर्दा कति रकम खर्च लाग्दछ र संस्थालाई खर्च कटाई वार्षिक कति खुद वचत (नाफा) हुन्छ भन्ने व्यहोरा विस्तृत रुपमा स्पष्ट देखिने गरी प्रस्तावित कार्ययोजना बनाउनु पर्दछ ।

१०.२ दोस्रो प्रारम्भिक भेला

दोस्रो प्रारम्भिक भेलामा समेत घटिमा २५ जना उपस्थिति भई निम्न विषयमा गहन छलफल गरी एक मतले निर्णय गर्नुपर्दछ ।

१. मस्यौदा विनियम उपर छलफल गर्ने :

- विनियमको प्रस्तावना सम्बन्धमा,
- संस्थाको उद्देश्य र कार्यहरू सम्बन्धमा,
- विभिन्न कोषहरूमा रकम बाँडफाँड सम्बन्धमा,
- सदस्यहरूको जिम्मेवारी/जवाफदेही सम्बन्धमा,
- व्यवस्थापक/कर्मचारीहरूको जिम्मेवारी जवाफदेही सम्बन्धमा,
- संस्थाले सञ्चालन गर्ने विषय प्रकृति अनुसारको व्यवस्थापन सम्बन्धी विषयहरूमा,
- सञ्चालक समितिको काम कर्तव्य अधिकारले साधारण सभाको काम कर्तव्य अधिकारलाई कुण्ठित गरेको छ छैन भन्ने विषयमा,
- विनियममा उल्लेखित व्यवस्थाबाट संस्थाको उद्देश्य पूरा हुन सक्दछ/सक्दैन भन्ने विषयमा,
- मस्यौदा समिति वा कुनै सदस्यले तयार पारी सभामा प्रस्तुत गरेको मस्यौदालाई माथि उल्लेख गरिए बमोजिम सभाबाट पास गराई तदर्थ समितिका सम्पूर्ण सदस्यहरूले ३ (तीन) प्रति विनियमको अन्तिम पानामा र तदर्थ समितिका अध्यक्ष र एकजना सञ्चालकले प्रत्येक पृष्ठको शिर र पुछारमा दस्तखत गर्नुपर्दछ ।

२. कार्ययोजनाको विषयमा छलफल गरी पारित गर्ने,

३. संस्था दर्ता गर्नका लागि आवश्यक परेका कार्य गर्न अधिकार प्रत्यायोजन गर्ने

४. संस्था दर्ता पश्चात् शेयर र प्रवेश शुल्क बापत उठेको रकम कुन बैंकमा खाता खोली जम्मा गर्ने र खाता सञ्चालन सम्बन्धमा,

१०.३ दर्ताका लागि आवश्यक कागजातहरू तयारी गर्ने

संस्था दर्ताका लागि अधिकार प्राप्त गर्ने व्यक्तिहरूले निम्न कागजातहरू संलग्न राखी संस्था दर्ताको लागि सहकारी नियमावली २०४९ को नियम ३ अनुसूची-१ मा दिइएको संलग्न नमूना बमोजिमको आवेदन तयार गरी सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूमा टिकट टाँस गरी आवेदन गर्नुपर्दछ ।

१. प्रस्तावित संस्थाको सक्कलै विनियम ३ प्रति,
२. प्रस्तावित संस्थाको कार्ययोजना ३ प्रति सक्कलै, (कार्ययोजनाको अनुसूची-५ मा छ)
३. सभाले माथि लेखिएका विषयहरूमा गरेको निर्णयहरूको प्रमाणित प्रतिलिपि १ प्रति,
४. आवेदन गर्ने कम्तीमा २५ जना सदस्यहरूको विवरण, दस्तखत र सञ्चालकहरूको फोटो भएको संलग्न नमूनाको सदस्य दर्ता किताब (अनुसूची-४) र निजहरूको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू
५. प्रस्तावित सहकारी संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको आवेदन पत्र ।
६. संस्था दर्ता सम्बन्धी कार्य गर्न गराउन अधिकार प्राप्त व्यक्तिहरूको दस्खत नमूना सहितको सक्कल अधिकार प्रत्योयजन पत्र (अनुसूची-२)
७. भेलाको निर्णय बमोजिम शेयर शुल्क र प्रवेश शुल्क बापत उठेको रकम बैंक जम्मा गरेको भौचरको प्रतिलिपि वा कोषाध्यक्षले बुझिलिएको भए संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने प्रतिवद्धता सहितको सक्कल भरपाई,
८. नागरिकताको प्रमाणपत्रबाट सदस्य संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाणित नहुने भए सदस्यहरू संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेका प्रमाणपत्रका प्रतिलिपिहरू । प्रमाणपत्रमा संघ/संस्थाको कार्यक्षेत्र भित्रको स्थायी ठेगाना उल्लेख भएको हुनुपर्ने । जस्तैः
   क) बसाई सराईको प्रमाण वा,
   ख) विवाहदर्ताको प्रमाणपत्र वा,
   ग) मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा मतदाता परिचय-पत्र वा
   घ) सम्बन्धित क्षेत्र भित्र नेपाल सरकार वा संगठित संस्थामा स्थायी

नियुक्ति भई काम गरिरहेको भए सोको प्रमाण वा

ङ) सम्बन्धित आवेदकको वा निजको एकाघर सगोलका परिवारको सदस्यको नाममा भएको घरजग्गाको लालपूर्जाको प्रमाणित प्रंतिलिपि ।

च) स्थायी व्यवसाय सञ्चालन गरिरहेको भए त्यसको प्रमाणित प्रतिलिपि ।

९. सदस्यलाई प्रदान गर्ने अनुसूची - ६ बमोजिमको शेयर प्रमाण पत्र एक प्रति

अनुसूची-१
(नियम ३ सँग सम्बन्धित)

श्रीमान् सहकारी अधिकृतज्यू,
डिभिजन सहकारी कार्यालय,
.... ।

विषय :- संस्था वा संघको दर्ता ।

महोदय,
हामी देहायका व्यक्तिहरू/संस्थाहरू/संघहरू देहायका कुराहरू खोली देहायको संस्था/संघ दर्ता गरी पाउन निवेदन गर्दछौं । प्रस्तावित संस्था/संघको उद्देश्य अनुरुप संस्था/संघले तत्काल गर्ने कार्य सम्बन्धी योजना र प्रस्तावित संस्था/संघको विनियमको तीन प्रति पनि यसैसाथ पेश गरेका छौं ।

१. संस्था/संघ सम्बन्धी विवरणः
   क) प्रस्तावित संस्था/संघको नाम :
   ख) ठेगाना :
   ग) उद्देश्य :
   घ) कार्यक्षेत्र :
   ङ) दायित्व :
   च) कूल शेयर पूँजी :
   छ) बिक्री गर्ने शेयर संख्या र त्यसको जम्मा रकम :

द्रष्टव्य : संस्था वा संघले आफ्नो ठेगाना हेरफेर गर्नु परेमा हेरफेर गरेको मितिले सात दिन भित्र त्यसको सूचना रजिष्ट्रार समक्ष पठाउनुपर्नेछ ।

....

(दर्ताका लागि अधिकार प्राप्त अध्यक्ष, सदस्यको नाम र दस्तखत)

अनुसूची-२
(अधिकार प्रत्यायोजनको नमूना)

श्रीमान् सहकारी अधिकृतज्यू,
डिभिजन सहकारी कार्यालय .... ।

विषय : संस्था दर्ताका लागि अधिकार प्रत्यायोजन गरिएको ।

महोदय,
उपरोक्त विषयमा प्रस्तावित श्री . . . . सहकारी संस्था लि. . . . . गा.वि.स./न.पा. वडा नं. . . . . . जिल्लाको मिति . . . . . . मा बसेको दोस्रो प्रारम्भिक भेलाको निर्णयानुसार संस्था दर्ताका लागि विनियममा सामान्य थपघट सहित आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी सम्बन्धित रजिष्ट्रारको कार्यालयमा संस्था दर्ता गराउन निम्न नाम ठेगाना र दस्तखत भएका तदर्थ समितिका . . . . . र . . . . . . पदका पदाधिकारीहरूलाई अधिकार प्रत्यायोजन गरिएको छ ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिहरूको

	नाम	ठेगाना	पद	दस्तखत नमूना
१.				
२.				
३.				

आवेदक

१.	१४.
२.	१५.
३.	१६.
४.	१७.
५.	१८.
६.	१९.
७.	२०.
८.	२१.
९.	२२.
१०.	२३.
११.	२४.
१२.	२५.
१३.	२६

अनुसूची-३
(सदस्यता फाराम)

क्र.सं.	बाबु वा आमाको नाम	पति वा पत्नीको नाम	आफ्नो नाम	थर	उमेर	ठेगाना	पेशा	शेयर विवरण		दस्तखत	कैफियत
								खरिद शेयर	शेयर रकम		

अनुसूची-४

सदस्य दर्ता किताब

(नियम २१ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

सि.नं.	बाजेको नाम	बाबुको नाम	पति वा पत्नीको नाम	सदस्यको नाम	उमेर	ठेगाना	पेशा	खरिद गरेको शेयर संख्या	सदस्य भएको मिति	मनोनित हकवालाको नाम	उमेर	ठेगाना	दस्तखत वा सही	कैफियत

सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

सि.नं.	बाजेको नाम	बाबुको नाम	पति वा पत्नीको नाम	सञ्चालकको नाम	पद	ठेगाना	पेशा	निर्वाचित मिति	अवधि	रेखात्मक दस्तखत	फोटो र फोटोमा पर्ने गरी दस्तखत	कैफियत

अनुसूची-५

कार्ययोजना

(सहकारी संघ/संस्थाको कार्ययोजना)

सहकारी संघ/संस्थाको नाम :-

सहकारी संघ/संस्थाको ठेगाना :-

क) उद्देश्य :

१. . . . .

२. . . . .

३. . . . .

४. . . . .

५. . . . .

६. . . . .

७. . . . .

८. . . . .

९. . . . .

१०. . . . .

ख) कार्यहरू

१. . . . .

२. . . . .

३. . . . .

४. . . . .

५. . . . .

६. . . . .

७. . . . .

८. . . . .

९. . . . .

१०. . . . .

ग) उपर्युक्त कार्यहरूको लागि आवश्यक पूँजी :-

ग.१. स्थिर पूँजी :

१.	जग्गा र भवन	रु. . . . .
२.	मेशिनरी औजार	रु. . . . .
३.	फर्निचर	रु. . . . .

४. अन्य सामान खुलाउने
क) . . . . रु. . . . .
ख) . . . . रु. . . . .
ग) . . . . रु. . . . .
घ) . . . . रु. . . . .
ङ) . . . . रु. . . . .
कूल स्थिर पूँजी रु. . . . .

ग.२. चालू पूँजी :
१. कच्चा पदार्थ रु. . . . .
२. बिक्रीको लागि उपभोग्य वस्तु (लागत मूल्य) रु. . . . .
३. अन्य सामग्री रु. . . . .
४. रु. . . . .
५. रु. . . . .
कूल चालु पूँजी रु. . . . .

घ) पूँजीको स्रोत र रकम
१. सेयर पूँजी (रु. . . . .) का दरले . . . .
(कित्ता र सेयर बिक्रीबाट) रु. . . . .
२. बैंक ऋण रु. . . . .
३. आन्तरिक पूँजी प्रवाह
(संकलित वचत, नाफा र जगेडा कोष) रु. . . . .
४. सदस्यबाट प्राप्त निक्षेप र वचत रु. . . . .
५. अन्य (खुलाउने) रु. . . . .
रु. . . . .

ङ) संस्थाको आय :
१. कमिशन (सामान बिक्रीबाट) रु. . . . .
२. लाभ (उत्पादित वस्तुको बिक्रीबाट
लागत मूल्य कटाई बाँकी) रु. . . . .
३. प्राप्त व्याज (बैंक निक्षेपमा) रु. . . . .
४. उप-उत्पादन बिक्रीबाट प्राप्त रु. . . . .
५. सेवा शुल्क रु. . . . .
६. प्रवेश शुल्क रु. . . . .

७. अन्य (खुलाउने) रु. . . . .
(क) रु. . . . . रु. . . . .
(ख) रु. . . . . रु. . . . .
(ग) रु. . . . . रु. . . . .

च) खर्चहरू
१. तलब रु. . . . .
२. भत्ता रु. . . . .
३. मसलन्द रु. . . . .
४. प्रशासनिक खर्च रु. . . . .
५. ऋणको व्याज रु. . . . .
६. सम्पत्तिमा ह्रास कट्टि रु. . . . .
७. मर्मत सम्भार रु. . . . .
८. लेखापरीक्षण शुल्क रु. . . . .
९. अन्य (केही भए खुलाउने)
(क) रु. . . . . रु. . . . .
(ख) रु. . . . . रु. . . . .
(ग) रु. . . . . रु. . . . .
रु. . . . .

छ) खूद आय (वचत) :
१. आय रु. . . . .
२. व्यय रु. . . . .
३. वचत रु. . . . .
रु. . . . .

ज) प्रतिशत
१. कुल लगानीमा आय प्रतिशत . . . .
२. कुल शेयर पूँजीमा आय प्रतिशत. . . . .

अनुसूची-६
शेयर प्रमाणपत्रको नमूना

संस्था दर्ता नम्बर

श्री . . . . सहकारी संस्था लि.
. . . न.पा. /गाविस वडा नं. . . . . जिल्ला
परिचय पत्र नं. . . . . . .

शेयर प्रमाणपत्र

यस संस्थाको विनियम अनुसार शेयर क्रमसंख्या नं. . . . . देखि . . . . नं. सम्मको सेयर थान . . . . . . को प्रति शेयर रु. . . . . . . का दरले हुन आउने जम्मा रु. . . . . (अक्षरुपी रुपैया . . . .) को शेयर श्री . . . . को पत्नि /छोरा/छोरी . . . . जिल्ला . . . . न.पा. /गा.वि.स. वडा नं. . . . . मा बसोबास गर्ने वर्ष . . . . . . को श्री . . . . को नाममा दर्ता गरी संस्थाको छाप लगाएको यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मिति : . . . . .व्यवस्थापक . . . .
सञ्चालक समिति अध्यक्ष . . . .

नोट :- संस्थाको स्वीकृति लिएर मात्र यो शेयरको हस्तान्तरण गर्न सकिने छ ।

सहकारी ऐन, २०४८

लालमोहर र प्रकाशन मिति

संशोधन गर्ने ऐन २०४९।२।२

१. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ २०५७।४।२६

२. सहकारी (पहिलो संशोधन) ऐन, २०५७ २०५७।८।२१

प्रमाणीकरण र प्रकाशन मिति

३. गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ ♥ २०६६।१०।७

ठ२०४९ सालको ऐन नं. ८

∝ ....

सहकारी संस्था तथा संघहरुको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

प्रस्तावना : देशका कृषक, कालिगढ, कम पूँजीवाल र निम्न आयवर्ग श्रमिक, भूमिहीन तथा वेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको गठन र सञ्चालन सम्वन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन वनाएको छ ।

परिच्छेद –१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सहकारी ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

---

♥ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागु भएको ।

∝ गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको .

(क) “संस्था” वा “संघ” भन्नाले दफा ५ बमोजिम दर्ता भएको सहकारी संस्था वा संघ सम्झनु पर्छ ।

(ख) “सदस्य” भन्नाले संस्था वा संघको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको व्यक्ति, संस्था, संघ वा अन्य निकाय सम्झनु पर्छ ।

(ग) “समिति” भन्नाले संस्था वा संघको विनियम बमोजिम गठन भएको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) “रजिष्ट्रार” भन्नाले दफा २१ बमोजिम नियुक्त भएको रजिष्ट्रार सम्झनु पर्छ ।

(ङ) “साधारण सभा“ भन्नाले सम्वन्धित संस्था वा संघको साधारण सभा सम्झनु पर्छ ।

(च) “विनियम” भन्नाले सम्वन्धित संस्था संघको विनियम सम्झनु पर्छ ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद – २
संस्था वा संघको गठन

३. **<u>संस्था वा संघको गठन</u>** : (१) सहकारी सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुऱ्याउने उद्देश्यले देहाय बमोजिमको संस्था वा संघ गठन गर्न सकिनेछ :-

(क) कम्तीमा पच्चीसजना व्यक्तिहरु सदस्य भएको प्रारम्भिक संस्था ।

(ख) खण्ड (क) बमोजिमको कम्तीमा पाँचवटा संस्थाहरु सदस्य भएको विषयगत संघ ।

(ग) खण्ड (क) बमोजिमका संस्थाहरु वा खण्ड (ख) बमोजिमका विषयगत संघहरु वा दुवै गरी कम्तीमा पाँचवटा संस्थाहरु वा संघहरु सदस्य भएको जिल्ला सहकारी संघ ।

(घ) खण्ड (क) बमोजिमका कम्तीमा पच्चीसवटा विषयगत संस्थाहरु वा खण्ड (ख) बमोजिम कम्तीमा पांचवटा विषयगत संघहरु सदस्य भएको केन्द्रीय सहकारी संघ ।

(ङ) खण्ड (ख), (ग) र (घ) बमोजिमका कम्तीमा पन्ध्र वटा संघहरु सदस्य भएको राष्ट्रिय सहकारी संघ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै जिल्लामा एक भन्दा वढी जिल्ला सहकारी संघ वा एकै प्रकृतिका विषयगत संघ तथा एकै प्रकृतिका एक भन्दा वढी केन्द्रीय सहकारी संघ गठन गर्न सकिने छैन ।

(३) संस्था वा संघको कार्यक्षेत्र सोही संस्था वा संघको विनियममा तोकिए बमोजिम हुनेछ ।

४. **संस्था वा संघ दर्ता गर्न दरखास्त दिने** : (१) दफा ३ बमोजिम गठन भएको संस्था वा संघ दर्ता गर्नको लागि सम्वन्धित सदस्यहरुले रजिष्ट्रार समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम दरखास्त दिंदा सम्वन्धित संस्था वा संघको दुईप्रति विनियमहरु, कार्ययोजना तथा सदस्यहरुले लिन कवूल गरेको शेयरको विवरण संलग्न गरी दरखास्तमा कम्तीमा दफा ३ वमोजिका सदस्यहरुको दस्तखत भएको हुनु पर्नेछ ।

५. **संस्था वा संघ दर्ता गर्ने :** (१) दफा ४ बमोजिम संस्था वा संघ दर्ता गर्नको लागि परेको दरखस्तमा रजिष्ट्रारले सो संस्था वा संघको विनियम सहकारी सिद्धान्त बमोजिम छ छैन भन्ने सम्वन्धमा आवश्यक जाँचवुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचवुझ गर्दा उपयुक्त देखेमा रजिष्ट्रारले संस्था वा संघ दर्ता गरी तोकिए वमेजिम दर्ताको प्रमणपत्र दिनेछ ।

६. **दर्ता गर्न अस्वीकार गर्न सक्ने** : (१) दफा ५ उपदफा (१) बमोजिम जाँचवुझ गर्दा रजिष्ट्रारले कुनै कुरा संशोधन गर्नु पर्ने देखेमा पन्ध्र दिन भित्र सम्वन्धित संस्था वा संघ दर्ता गर्न आवेदन दिने.व्यक्तिहरुलाई संशोधनका लागि सूचना दिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार संशोधन गर्न आवेदकहरुले अस्वीकार गरेमा वा त्यस्तो सूचना पाएको मितिले पैंतिस दिनभित्र संशोधन नगरेमा रजिष्ट्रारले संस्था वा संघ दर्ता गर्न अस्वीकार गर्न सक्नेछ र दर्ता गर्न नसकेको कारण खोली सो को जानकारी सम्बन्धित आवेदकहरुलाइ दिनु पर्नेछ ।

७. **संस्था वा संघ संगठित संस्था हुने** : (१) संस्था वा संघ अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) संस्था वा संघको सवै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) संस्था वा संघले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै प्रकारले वन्दोवस्त गर्न सक्नेछ ।

(४) संस्था वा संघले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामवाट नालिस उजूर लाग्न सक्ने छ ।

८. **संस्था वा संघको दायित्व सीमित हुने** : (१) संस्था वा संघको दायित्व सीमित हुनेछ ।

(२) प्रत्येक संस्था वा संघको नाममा "सहकारी" र नामको अन्तमा "लिमिटेड" भन्ने शव्द रहनेछ ।

परिच्छेद – ३
संस्था वा संघको सदस्यता

९. **संस्थाको सदस्यता :** (१) देहाय बमोजिमका नेपाली नागरिकरु संस्थाको सदस्य हुन सक्नेछन् :

(क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरु

(ख) संस्थाको कार्य कार्यक्षेत्र भित्र वसोवास गरेका दफा २३ बमोजिम विक्री भएको शेयर खरिद गरी संस्थाको सेवा प्राप्त गर्न चाहने, सदस्यताको जिम्मेवारी वहन गर्न स्वीकार गर्ने र विनियममा उल्लिखित शर्तहरु पूरा गर्ने व्यक्तिहरु,

(ग) दफा २३ को उपदफा (१) बमोजिम विक्री भएको शेयर खरीद गर्ने निकायहरु ।

(२) संस्थाको सदस्य हुन चाहने व्यक्तिले समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) समितिले सदस्यता प्रदान गर्न अस्वीकार गरेको खण्डमा निवेदकले साधारण सभा समक्ष उजूर गर्न सक्नेछ र सो सम्वन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(४) अनिवार्य वचत शेयर पूंजीमा परिणत भई शेयर सदस्य हुन पुगेका व्यक्तिहरुले वचत रकम फिर्ता पाएपछि उनीहरुको सदस्यता स्वतः हट्नेछ ।

१०. **संघको सदस्यता**: (१) विषयगत संघहरुमा सो संघको कार्यक्षेत्र भित्रका सम्वन्धित विषयगत सस्थाहरुले संघको विनियममा भएको व्यवस्था अनुरुप सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(२) जिल्ला सहकारी संघमा सो संघका विनियममा भएको व्यवस्था अनुरुप सम्वन्धित जिल्ला भित्रका सवै संस्थाहरु तथा विषयगत संघहरु सदस्य हुन सक्नेछन् ।

(३) केन्द्रीय सहकारी संघमा सो संघको विनियममा भएको व्यवस्था अनुसार विषयगत संस्थाहरु तथा विषयगत संघहरु सदस्य हुन सक्नेछन् ।

(४) राष्ट्रिय सहकारी संघमा सवै संघहरु तथा राष्ट्रिय सहकारी संघको विनियममा उल्लेख भए बमोजिमका अन्य निकायहरु सदस्य हुन सक्नेछन् ।

(५) सम्वन्धित संघमा दफा २३ को उपदफा (१) बमोजिम विक्रि भएको शेयर खरिद गर्ने निकायहरु सदस्य हुन सक्नेछन् ।

११. **सदस्यताको समाप्ति**: संस्था वा संघको सदस्यता तोकिए बमोजिमको अवस्थामा समाप्त हुनेछ ।

परिच्छेद –४
कार्य सञ्चालन विधि

१२. **विनियम**: (१) यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमहरुको अधीनमा रही संस्था वा संघले आफ्नो कार्य सञ्चालन गर्न विनियम वनाउन सक्नेछ । यसरी वनाएको विनियम रजिष्ट्रारले स्वीकृत गरेपछि लागू हुनेछ ।

(२) प्रत्येक संस्था वा सभाको संचालन तथा व्यवस्थापन सो संस्था वा संघको विनियम बमोजिम हुनेछ ।

(३) विनियममा संस्था वा संघको नाम, ठेगाना, कार्यक्षेत्र, उद्देश्य, सञ्चालन विधि तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाइएको हुनु पर्नेछ ।

(४) विनियमको संशोधन सम्वन्धित संस्था वा संघको साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई वहुमतले गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम संशोधन गरिएको विनियम रजिष्ट्रारले स्वीकृत गरेपछि लागू हुनेछ ।

१३. **साधारण सभा :** (१) प्रत्येक संस्था वा संघको एक साधारण सभा हुनेछ ।

(२) संस्थाका सवै सदस्यहरु संस्थाको साधारण सभाको सदस्य हुनेछन् ।

(३) संघको साधारण सभामा विनियममा उल्लेख गरिए बमोजिमका सदस्यहरु रहनेछन् ।

१४. **साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्था वा संघको वार्षिक हिसाव जाँच गरी अनुमोदन गर्ने ।

(ख) सञ्चालक समिति तथा लेखा समितिको निर्वाचन गर्ने तथा कुनै सञ्चालकलाई हटाउने वा समिति विघटन गर्ने सम्वन्धमा निर्णय गर्ने ।

(ग) सचांलक समिति तथा लेखा समितिको प्रतिवेदन माथि छलफल गर्ने र निर्देशन दिने ।

(घ) विनियम संशोधन सम्वन्धी निर्णय गर्ने ।

(ङ) संस्था वा संघको विभाजन वा अन्य संस्था वा संघसंग एकीकरण वा विघटन सम्वन्धी निर्णय गर्ने ।

१५. **साधारण सभाको वैठक** : (१) प्रत्येक संस्था वा संघले दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा वोलाउनु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र प्रत्येक संस्था वा संघले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) तोकिए बमोजिमको अवस्थामा संस्था वा संघको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

(४) साधारण सभाको वैठकको गणपूरक संख्या तोकिए बमोजिम हुनेछ ।

तर विनियम संशोधन गर्नु पर्दा साधारण सभाको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थिति आवश्यक हुनेछ ।

१६. **सञ्चालक समिति :** (१) प्रत्येक संस्था वा संघको एक सञ्चालक समिति हुनेछ ।

(२) समितिको गठन एवं काम, कर्तव्य र अधिकार सम्वन्धित संस्था वा संघको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) समितिको कार्यावधि पाँच वर्षमा नबढ्ने गरी विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अगावै नयाँ समितिको निर्वाचन गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम समय भित्र समितिले निर्वाचन नगराएमा कुनै पनि सदस्ले सो को जानकारी रजिष्ट्रारलाई गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको जानकारी प्राप्त भएमा वा नभएमा पनि समितिको कार्यावधि समाप्त भएको मितिले छ महिनाभित्र रजिष्ट्रारले समितिको निर्वाचन गराउनु पर्नेछ ।

(७) उपदफा (४) वा (६) बमोजिम नयाँ समितिको निर्वाचन नभएसम्म साविककै समितिले विनियममा व्यवस्था भए बमोजिम कार्य सञ्चालन गर्न सक्नेछ ।

१७. **लेखा समिति :** (१) प्रत्येक संस्थाको साधारण सभाले एकजना संयोजक समेत तीनजना सदस्य भएको एउटा लेखा समिति निर्वाचनद्वारा गठन गर्न सक्नेछ ।

(२) लेखा समितिले नियमित रुपमा संस्थाको आन्तरिक लेखापरीक्षण गराउन र समितिलाई सुझाव दिन सकनेछ ।

(३) लेखा समितिले आफ्नो लेखा सम्वन्धी प्रतिवेदन साधारण सभामा पेश गर्नु पर्नेछ ।

१८. **समितिको सदस्यको निष्कासन वा समितिको विघटन :** (१) समितिको कुनै निर्वाचित सदस्यलाई निष्कासन गर्नु पर्ने वा समितिलाई विघटन गर्नु पर्ने औचित्य छ भनी साधारण सभाका पाँच प्रतिशत सदस्यहरुले कारण खोली साधारण सभामा पेश गरेको प्रस्तावलाई साधारण सभाको वहुमतले पारित गरेमा त्यस्तो समितिको सदस्यलाई निष्कासन गर्न वा समितिलाई विघटन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम समितिको कुनै सदस्यलाई निष्कासन गरिएमा त्यसरी निष्कासन गरिएको सदस्यको ढाउँमा साधारण सभाले बांकी अवधिका लागि अर्को सदस्यको निर्वाचन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचनको व्यवस्था गर्नेछ ।

(४) लेखा समितको सदस्यको निष्कासन वा लेखा समितिको विघटनको सम्वन्धमा पनि उपदफा (१), (२) र (३) मा उल्लेख गरिएको सवै व्यवस्थाहरु लागू हुनेछन् ।

१९. **उपसमितिहरु** : (१) संस्था वा संघको कार्य सम्पादनको निमित्त समितिले नियममा व्यवस्था भए बमोजिम उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि विनियममा व्यवस्था भए वमेजिम हुनेछ ।

२०. **कर्मचारी तथा सल्लाहकारहरुको नियुक्ति** : (१) संस्था वा संघको कार्य सञ्चालनको निमित्त समितिले आवश्यकतानुसार कर्मचारी तथा सल्लाहकारको नियुक्ति साधारण सभाले अनुमोदन गरेको प्रकृया बमोजिम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएका कर्मचारी तथा सल्लाहकारको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु सम्वन्धित संस्था वा संघको विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद – ५
रजिष्ट्रार

२१. **रजिष्ट्रारको नियुक्ति** : (१) यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमको अधीनमा रही संस्था वा संघ दर्ता गर्न तथा तोकिए बमोजिमका अन्य कार्यहरु गर्न नेपाल सरकारले एकजना रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) रजिष्ट्रारको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२२. **अधिकार प्रत्यायोजन** : यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम बमोजिम रजिष्ट्रारलाई प्राप्त अधिकारहरु मध्ये सवै वा कुनै अधिकार रजिष्ट्रारले आफू मुनिका कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

परिच्छेद – ६
आर्थिक स्रोत र परिचालन

२३. **शेयर विक्री गर्ने** : (१) संस्था वा संघले आफ्नोकार्य क्षेत्रभित्रका सदस्य हुन सक्ने व्यक्तिहरु, सदस्यहरु तथा तोकिएका बमोजिमका अन्य निकायहरुलाई शेयर विक्री गरी शेयर पूंजी संकलन गर्न सक्नेछ ।

(२) संस्था वा संघले नेपाल सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय सहकारी महासंघ (इण्टरनेशनल कोअपरेटिभ एलाएन्स) को सदस्य रहेको विदेशी सहकारी संस्था वा संघलाई कूल शेयर पूँजीको बढीमा वीस प्रतिशत शेयर विक्री गर्न सक्नेछ ।

(३) उदफा (१) बमोजिम संस्थाले शेयर विक्री गर्दा एकै व्यक्ति वा संस्थालाई कूल शेयर पूँजीको बीस प्रतिशतमा नबढ्ने गरी विक्री गर्नु पर्नेछ ।

तर यो बन्देज नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्था वा निकायलाई लागू हुने छैन ।

(४) सदस्यले जतिसुकै शेयर खरीद गरेको भए तापनि संस्था वा संघको कार्य सञ्चालनमा एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन पाउनेछ ।

२४. **ऋणपत्र जारी गर्न र ऋण लिन सक्ने :** संस्था वा संघले ऋण पत्र जारी गर्न र स्वदेशी वा विदेशी बैंक वा अन्य निकायवाट ऋण लिन सक्नेछ ।

तर ऋण पत्र जारी गर्न वा विदेशी बैंकवाट ऋण लिनु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२५. **ऋण लिंदा नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने** : (१) संस्था वा संघले ऋणपत्र जारी गर्दा ऋणपत्रमा वा विदेशी बैक वा अन्य निकायको ऋणमा नेपाल सरकारको सुरक्षण प्राप्त गर्न चाहेमा त्यसको लागि नेपाल सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवदेन उपर नेपाल सरकारले विचारगरी उपयुक्त देखेमा त्यस्तो ऋणपत्र वा ऋणमा सुरक्षण प्रदान गर्न सक्नेछ । त्यसरी सुरक्षण प्रदान गर्दा त्यस्तो ऋणपत्र वा ऋणको भुक्तानीको सम्वन्धमा नेपाल सरकारले आवश्यक शर्त तथा वन्देज तोकिदिन सक्नेछ र सोही शर्त तथा वन्देजको अधीनमा रही संस्था वा संघले ऋणपत्र वा ऋणको भुक्तानी गर्नु पर्नेछ ।

•२६. **बैंकिङ्ग कारोवार गर्न सक्ने :** (१) संस्था वा संघले आफ्ना सदस्यहरुवाट बचत निक्षेप स्वीकार गर्न आफ्ना सदस्यहरुलाई कर्जा दिन सक्नेछ ।

(२) संस्था वा संघले उपदफा (१) मा उल्लेखित करोवार वाहेक आफ्ना सदस्यहरुभित्र मात्र सीमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस्ता संस्था वा संघले नेपाल राष्ट्र बैंकले तोकेको शर्त तथा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भै कारोवार गरेका संस्था वा संघले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र उपदफा (१) वा उपदफा (२) बमोजिम कारोवार सञ्चालन गर्न व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्था वा संघहरु मिली एक सहकारी बैंकको स्थापना गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम बैंकको स्थापनाको लागि नेपाल राष्ट्र बैंकको सिफारिस सहति दरखास्त पेश गर्न आएमा रजिष्ट्रारले आवश्यक जाँचवुझ गरी त्यस्तो बैंक दर्ता गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दर्ता भै स्थापना भएका बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृति प्रदान गरेको ±बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गतका बैंकिङ्ग कारोवार सञ्चालन गर्न सक्नेछ र बैंकले नेपाल राष्ट्र बैंकले तोकेको शर्त र समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२७. **वचतको वितरण :** (१) संस्था वा संघको कुने वर्षको खूद वचतको घटीमा एक चौथाई रकम जगेडा कोषमा जम्मा गरेपछि बाँकी रहन आएको रकम मध्येवाट तोकिए बमोजिमका कोषहरु खडा गर्न सकिनेछ ।

• पहिलो संशोधनद्वारा संशोधित ।

± गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित

(२) जगेडा कोष वाहेकका अरु कोषहरुमध्येवाट ती कोषको उद्देश्य बमोजिम विनियममा उल्लिखित हदसम्मको लाभांश वा बोनस वितरण गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुने छैन ।

२८. **आर्थिक सहायोग गर्न नहुने :** संस्था वा संघले कुनै राजनैतिक दल वा धर्म वा सम्प्रदायका लागि कार्य गर्ने संघ संस्थालाई चन्दा दिन वा अन्य कुनै प्रकारको आर्थिक सहयोग गर्न पाउने छैन ।

२९. **ठेक्का पट्टा दिन नहुने :** संस्था वा संघले आफ्नो समिति वा लेखा समितिको कुनै सदस्यलाई वा आफ्नो कर्मचारीलाई संस्था वा संघको ठेक्का पट्टा दिनु हुंदैन ।

३०. **सदस्यको शेयर वा हक लिलाम विक्री नहुने** : संस्था वा संघको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर वा हक सोही संस्था वा संघको ऋण वा दायित्व वाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम विक्री गरिने छैन ।

परिच्छेद – ७
एकीकरण वा विभाजन

३१. **एकीकरण वा विभाजन गर्न सक्ने :** (१) दुई वा दुईभन्दा बढी संस्थाहरु आपसमा गाभी एकीकरण गर्न वा एक संस्था वा संघलाई दुई वा दुई भन्दा बढी संस्था वा संघमा विभाजन गर्न सम्वन्धित संस्था वा संघको साधारण सभाको दुई तिहाई वहुमतवाट निर्णय भएको हुनु पर्नेछ । यस्तो निर्णय गर्दा एकीकरण र विभाजनका शर्त र कार्यविधिहरु समेत खोलिएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयको आधारमा रजिष्ट्रारले सम्वन्धित संस्था वा संघको एकीकरण वा विभाजन गर्नेछ ।

परिच्छेद – ८
सूचना अभिलेख तथा हिसाव जांच

३२. **निर्णयको अभिलेख राख्ने :** प्रत्येक संस्था वा संघको आफ्नो साधारण सभा, समिति, लेखा समिति तथा उपसमितिहरुको वैठक तथा तिनीहरुले गरेको काम कारवाहीहरुको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

३३. **लेखा तथा अन्य अभिलेख :** प्रत्येक संस्था वा संघले आफूले गरेको सम्पूर्ण कारोवारहरुको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरु तोकिए बमोजिम राख्नु पर्नेछ ।

३४. **सूचना दिनु पर्ने :** प्रत्येक संस्था वा संघले प्रत्येक वर्ष कारोवारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको साथै देहायका विवरणहरु समावेश भएको प्रतिवेदन तोकिएको समयभित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ :

(क) बचत वितरण सम्वन्धी तय गरको नीति तथा योजना,

(ख) सञ्चालकहरुको नाम तथा बाँकी कार्यावधिको सूची,

(ग) साधारण सभाको वैठकको निर्धारित मिति र

(घ) समय समयमा रजिष्ट्रारले तोकिएको अन्य विवरण ।

३५. **सोधपुछ गर्न सक्ने :** (१) कुनै संस्था वा संघले सन्तोषजनक काम गरेको छैन भनी सो संस्था वा संघको कम्तीमा पाँच प्रतिशत सदस्यले निवेदन दिएमा रजिष्ट्रारले आफैं गई सोधपुछ गर्न वा कुनै अधिकारीलाई लिखित रुपमा अधिकार दिई सोधपुछ गराउन सक्नेछ ।

(२) कुनै संस्था वा संघको व्यावसायिक कारोवार सन्तोषजनक नलागेमा रजिष्ट्रारले सोधपुछ गर्न वा कुनै अधिकारीद्वारा सोधपुछ गराउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम रजिष्ट्रार वा निजवाट अधिकार पाएको अधिकारीले सोधपुछ गर्दा मागेको जानकारी दिई सवै तहवाट सहयोग गर्नु सो संस्था वा संघको प्रत्येक सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम गरिएको सोधपुछको परिणामको सूचना सो संस्था वा संघलाइ लिखित रुपमा दिइनेछ ।

३६. **निरीक्षण गर्न र सुझाव दिन सक्ने :** (१) रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीले संस्था वा संघको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा यो ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम भएको नपाइएमा सम्वन्धित अधिकारीले ऐन, नियम वा विनियम बमोजिम व्यवस्था गर्न आवश्यक सुझाव दिन सक्नेछ ।

३७. **हिसाव जांच :** (१) संस्था वा संघले प्रत्येक आर्थिक वर्षको हिसाव जांच सो आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारीले स्वीकृति दिएको कुनै दर्तावाला लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि रजिष्ट्रारको स्वीकृति लिइ सम्वन्धित संस्था वा संघको साधारण सभाले दर्तावाला लेखापरीक्षक नियुक्त गरी संस्था वा संघको हिसाव जाँच गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति वा कम्पनीलाई लगातार तीन पटक भन्दा बढी नियुक्त गर्न सकिने छैन ।

(४) हिसाव जाँचको प्रतिवेदन साधारण सभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम साधारण सभामा हिसाव जाँच प्रतिवेदन पेश हुँदा साधारण सभाले अनुमोदन नगरेमा साधारण सभाले अर्को लेखापरीक्षक नियुक्त गरी जाँचवुझ वा पुनः हिसाव जाँच गराउन सक्नेछ ।

(६) लेखापरीक्षकको पारिश्रमिक र सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद –९
संस्था वा संघलाई छुट र सुविधा

३८. **संस्था वा संघलाई छुट र सुविधा :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सस्था वा संघलाई देहाय बमोजिमको छुट र सुविधा प्राप्त हुनेछ :-

(क) संस्था वा संघले अचल सम्पत्ति वाहेक कारोवार सम्वन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु गराउनु पर्ने छैन ।

(ख) संस्था वा संघले गरेको अचल सम्पत्तिको लेखनदन वा खरीद विक्री सम्वन्धी कागजपत्र वा कुनै किसिमको लिखतमा आय टिकट दस्तूर वा रजिष्ट्रेशन दस्तूर लाग्ने छैन ।

(ग) ♦...... ....

(घ) संस्था वा संघले कारोवार गर्ने वस्तुहरुमा स्थानीय कर लाग्ने छैन ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूच्ना प्रकाशित गरी संस्था वा संघले आफ्नो प्रयोगको लागि आयात गर्ने मेसिनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पार्टपूर्जा, कच्चा पदार्थ, कार्यालय उपकरण तथा

♦ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा झिकिएको ।

ढुवानीका साधनहरुमा लाग्ने भन्सार महशूल वा विक्रीकरण प्रचलित कानून बमोजिम पूरै वा आंशिक रुपमा छुट दिन सक्नेछ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था वा संघले उत्पादन गरेको मालसामानमा लाग्ने अन्तःशुल्क वा विक्री कर प्रचलित कानून बमोजिम पूरै वा आंशिक रुपमा छुट दिनेछ ।

(४) औद्योगिक व्यवसाय गर्ने संस्था वा संघलाई उपदफा (१), (२) र (३) मा उल्लिखित छुटहरुका अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगहरुले पाए सरहको अन्य छुट सुविधा र संरक्षण समेत प्राप्त हुनेछ ।

३९. **संस्था वा संघको बांकी वक्यौता असूल उपर गर्ने :** कुनै व्यक्तिले संस्था वा संघवाट प्राप्त गरको ऋण वा संस्था वा संघलाई तिर्नु पर्ने बाँकी वक्यौता, संस्था वा संघको हिनामिना गरको सम्पत्तिको विगो र सो रकमहरुमा लागेको व्याज समेत संस्था वा संघले आफै वा संस्था वा संघको सिफारीशमा रजिष्ट्रारले निजको जाय जेथावाट तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम विक्री गरी असूल उपर गर्न सक्नेछ ।

४०. **संस्था वा संघले अग्राधिकार पाउने :** कुनै सदस्यले संस्था वा संघलाई तिुर्न पर्ने रकम नतिरेमा त्यस्तो सदस्यको जायजेथामा नेपाल सरकारको कुनै हक दावी भए त्यसको निमित्त रकम पर सारी बाँकी रहन आएको रकममा संस्था वा संघले अग्राधिकार पाउनेछ ।

परिच्छेद – १०
संस्था वा संघको विघटन र दर्ता खारेजी

४१. **संस्था वा संघको विघटन र दर्ता खारेजी** : (१) संस्था वा संघको साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई वहुमतले संस्था वा संघ विघटन गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सहितको निवेदन प्राप्त भएपछि रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त व्यक्तिले त्यस्तो संस्था वा संघको दर्ता खारेज गर्न सक्नेछ ।

(३) दफा ३५ को उपदफा (२) बमोजिम सोधपुछ गर्दा वा दफा ३६ बमोजिम निरीक्षण गर्दा कुनै सस्था वा संघ लगातार दुई वर्षसम्म कुनै कारोवार नगरी निष्कृय अवस्थामा रहको पाइएमा वा कुनै संस्था वा स.घद्वारा आफ्नोउद्देश्य विपरीत कार्य गरको पाईएमा रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त व्यक्तिले संस्था वा संघको दर्ता खारेज गर्न

सक्नेछ । यसरी दर्ता खारेज भएमा संस्था वा संघ विघटन हुनेछ र दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

४२. **लिक्विडेटरको नियुक्ति :** (१) दफा ४१ बमोजिम कुनै संस्था वा संघ विघटन भएमा सो सम्वन्धी कुराको कार्यान्वयन गर्न रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त व्यत्तिले एक जना लिक्विडेटर नियुक्त गर्नेछ ।

(२) लिक्विडेटरको काम, कर्तव्य र अधिकार र पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

परिच्छेद – ११
दण्ड जरिवाना

४३. **विवरण दालिखा नगर्नेलाई जरिवाना :** (१) दफा ३४ बमोजिम प्रतिवेदन पेश नगर्ने वा दफा ३५ को उपदफा (३) वमोजिको जानकारी नदिने संस्था वा संघलाई रजिष्ट्रारको आदेशले एक हजार पाँच सय रुपैंयाँ सम्म जरीवाना हुनेछ ।

४४. **सहकारी शव्द प्रयोग गरी व्यापार गर्नेलाई जरिवाना :** यस ऐन बमोजिम दर्ता भएको संस्था वा संघ वाहेक दफा ४६ को वर्खिलाप हुने गरी व्यापार व्यवसाय गर्ने व्यक्तिलाई रजिष्ट्रारको आदेशले दुईहजार रुपँयासम्म जरिवाना हुनेछ । एकपटक जरिवाना भएपछि त्यस्तो व्यक्तिले सोही दफाको वर्खिलाप हुने गरी पुनः व्यापार वा व्यवसाय गरेको ठहरिएमा दोश्रो पटक देखि प्रत्येक पटकको लागि पाँच हजार रुपैंया सम्म जरिवाना हुनेछ ।

४५. **पुनरावेदन गर्न सक्ने :** दफा ४१ को उपदफा (३) बमोजिम रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त व्यक्तिले कुनै संस्था वा संघको दर्ता खारेज गरेकोमा वा दफा ४३ वा दफा ४४ बमोजिम रजिष्ट्रारले गरेको आदेशमा चित्त नवुझ्ने सम्वन्धित संस्था वा संघ वा व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद – १२
विविध

४६. **सहकारी शव्द वा सो शव्दको रुपान्तर प्रयोग गर्नमा बन्देज :** यस ऐन बमोजिम दर्ता भएको संस्था वा संघ वाहेक अरु कुनै व्यक्ति, फर्म वा संस्थाले आफ्नो नाममा सहकारी शव्द वा सो शव्दको अंग्रेजी रुपान्तर राखी व्यापार वा व्यवसाय गर्न पाउने छैन ।

४७. **कम्पनी ऐन, २०६३ लागू नहुने :** यस ऐन अन्तर्गत दर्ता भएको संस्था वा संघको हकमा कम्पनी ऐन, २०६३ लागू हुनेछैन ।

४८. **नियम वनाउने अधिकार** : (१) यस एनेको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु वनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी खास गरी देहायका विषयहरुमा नियमहरु वनाउन सकिनेछ :-

(क) संस्था वा संघको दर्ताको लागि दरखास्त र प्रमाण पत्रको ढाँचा तोक्ने ।

(ख) संस्था वा संघको साधारण सभा र विशेष साधारण सभाको अधिकार र कार्यविधिको व्यवस्था गर्ने ।

(ग) संस्था वा संघको आर्थिक श्रोतको व्यवस्था र परिचालन गर्ने ।

(घ) संस्था वा संघको रेखदेख तथा निरीक्षण गर्ने, गराउने ।

४९. **खारेजी र बचाउ :** (१) साझा संस्था ऐन, २०४१ ऐन खारेज गरिएको छ ।

(२) साझा संस्था ऐन, २०४१ अन्तर्गत दर्ता भएको संस्था वा संघ यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

सहकारी नियमावली, २०४९
नेपाल राजपत्रमा प्रकाशित मिति २०४९।११।१८

सहकारी ऐन, २०४८ को दफा ४८ ले दिएको अधिकारको प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सहकारी नियमावली, २०४९" रहने छ ।

(२) यो नियमावली तुरुन्त पारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,–

(क) "ऐन" भन्नाले सहकारी ऐन २०४८ सम्झनु पर्छ ।

(ख) "व्यवस्थापक" भन्नाले संस्था वा संघको व्यवस्थापक सम्झनु पर्छ ।

३. **संस्था वा संघको दर्ता** : ऐनको दफा ४ बमोजिम संस्था वा संघ दर्ता गर्नको लागि रजिष्ट्रार समक्ष अनुसूची - १ को ढांचामा दरखास्त दिनु पर्नेछ ।

४. **दर्ताको निमित्त प्राथमिकता** : संघको दर्ताको लागि एक भन्दा बढी निवेदन परेमा रितपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिइनेछ ।

५. **दर्ताको प्रमाणपत्र** : ऐनको दफा ५ बमोजिम रजिष्ट्रारले संस्था वा संघलाई दर्ताको प्रमाणपत्र दिंदा अनुसूची - २ को ढांचामा दिनु पर्नेछ ।

६. **सदस्यता कायम नरहने** : (१) देहायको अवस्थामा संस्था वा संघको सदस्यता कायम रहने छैन :-

(क) सदस्यले समिति समक्ष पेश गरेको लिखित राजिनामा स्वीकृत भएमा,

(ख) सदस्यताको लागि विनियममा तोकिएको योग्यता नरहेमा ,

(ग) संस्था वा संघ विघटन भएमा ।

तर कुनै सदस्यले संस्था वा संघवाट प्राप्त गरेको ऋण वा संस्था वा संघलाई तिर्नुपर्ने बांकी बक्यौता भुक्तानी गर्न बांकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फवाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले सो संस्था वा संघको सदस्यतावाट राजीनामा गर्न पाउने छैन ।

(२) उपनियम (१) बमोजिम सदस्यता समाप्त भएको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा त्यस्तो सदस्यता समाप्त

भएको मितिले एक वर्षपछि मात्र सम्बन्धित संस्था वा संघमा निवेदन दिन सक्नेछ ।

७. **<u>शेयर फिर्ता लिने</u>** : नियम ६ बमोजिम कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्था वा संघमा लगानी गरेको रकम विनियममा व्यवस्था भए बमोजिम फिर्ता गरिनेछ ।

८. **<u>शेयरको नामसारी</u>** : (१) कुनै सदस्यको मुत्यु भएमा निजको नाममा रहेको शेयर र संस्था वा संघबाट निजलाई प्राप्त हुने हक निजले नियम ९ बमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गरी दिनु पर्नेछ ।

तर त्यस्तो हकवालाामा सदस्यता प्राप्त गर्नको लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिनाभित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउं भनी दरखास्त दिन सक्ने छ र त्यस्तोमा सो हकवालाको नाममा नामसारी गरी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मृत सदस्यको हकवालाले नामसारी गराई लिन नचाहेमा निजले पाउने शेयर रकम त्यस्तो हकवालालाई फिर्ता दिनुपर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मृत सदस्यको हकवाला नाबलिक रहेछ वा निजको मानसिक सन्तुलन ठीक रहनेछ भने मृत सदस्यले पाउने शेयर रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता दिनु पर्नेछ ।

९. **<u>हकवाला मनोनित गर्ने</u>** : (१) हकवाला मनोनित गर्दा कम्तीमा दुई जना साक्षीको रोहवरमा लिखत तयार गरी गर्नु पर्नेछ र त्यस्तो लिखतमा मनोनित गर्ने सदस्य र साक्षीहरुले सहीछाप समेत गरेको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हकवाला मनोनित गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्न सक्नेछ ।

(३) कुनै सदस्यले उपनियम (२) को अधिनमा रही एकभन्दा बढी व्यक्तिहरुलाई हकवाला मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ ।

१०. **प्रारम्भिक साधारण सभा**: (१) प्रत्येक संस्था वा संघले दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रारम्भिक साधारण सभा नबोलाइएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि उपनियम (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिन भित्र रजिष्ट्रारले वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ ।

(३) संस्था वा संघको कुल सदस्य संख्याको ५० प्रतिशत सदस्यहरुको उपस्थित भएमा प्रारम्भिक साधारण सभा सञ्चालन गर्न गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ :-

(क) सभाको सभापतिको निर्वाचन गर्ने ।

(ख) अघिल्लो दिनसम्मको संस्था वा संघको काम कारवाहीको हरहिसावको जानकारी लिने ।

(ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदन माथि छलफल गर्ने र निर्देशन दिने ।

(घ) विनियममा तोकिए बमोजिम समितिको निर्वाचन गर्ने ।

११. **वार्षिक साधारण सभा**: (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र प्रत्येक संस्था वा संघले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम वार्षिक साधारण सभा नबोलाइएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि उपनियम (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र रजिष्ट्रार वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ ।

(३) वार्षिक साधारण सभाको गणपुरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको हकमा पच्चीस प्रतिशत वा १३ जनामा जुन बढी हुन्छ सोही र संघको हकमा पचास प्रतिशत हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि सभा सञ्चालनको लागि पहिलो पटक गणपुरक संख्या नपुगी दोश्रो पटक सभा बोलाउनु परेको अवस्थामा कम्तीमा सात दिनको अर्को सूचना दिनु पर्नेछ र त्यसरी दोश्रो पटक बोलाइएको सभाको गणपुरक संख्या

कुल सदस्य संख्याको संस्थाको हकमा १५ प्रतिशत वा एघार जनामा जुन बढी हुन्छ सोही र संघको हकमा चालीस प्रतिशत हुनेछ ।

(५) वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदसयहरुले आफु मध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(६) वार्षिक साधारण सभामा छलफल गरिने सवै विषयहरु प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

१२. **विशेष साधारण सभाः** (१) देहाय बमोजिमको अवस्थामा समितिले विनियममा व्यवस्था भए बमोजिमको कार्यविधि अपनाई संस्था वा संघको विशेष साधारण सभा बोलाउन सक्नेछ :-

(क) संस्था वा संघको हिसाब किताबको जांचबुझ गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यस्तो कारण समेत खोली लेखापरीक्षकले समिति समक्ष लिखित अनुरोध गरेमा, वा

(ख) ऐनको दफा १७ बमोजिमको लेखा समिति वा दफा १९ बमोजिमको उपसमितिले कुनै विशेष कामको लागि विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यस्तो कारण समेत खोली समिति समक्ष लिखित अनुरोध गरेमा, वा

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन आवश्यक छ भनी कारण खोली समिति समक्ष पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा, वा

(घ) संस्थाको हकमा कुल सदस्य संख्याको कम्तीमा दश प्रतिशत वा दश जनामध्ये जुन बढी हुन्छ त्यति सदस्यले र संघको हकमा बीस प्रतिशत सदस्यले विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई निवेदन दिएमा ।

(२) विशेष साधारण सभाको गणपुरक संख्या कुन सदस्य संख्याको संस्थाको हकमा पन्ध प्रतिशत वा एघार जनामा जुन बढी हुन्छ सोही र संघको हकमा चालीस प्रतिशत हुनेछ ।

(३) विशेष साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुले

आफुमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(४) विशेष साधारण समामा पेश गरिने सबै विषयलाई प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थिति सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

१३. **प्रतिनिधित्व गराउने**: एउटा संस्था वा संघको तर्फबाट अर्को संस्था वा संघमा प्रतिनिधित्व गर्न समितिले विनियममा तोकिएको शर्तको अधिनमा रही सदसयतहरु मध्येबाट एक जना प्रतिनिधि मनोनित गर्नेछ ।

१४. **विवरण खुलाउने**: संस्था वा संघले विनियम बनाउंदा अनुसूची - ३ मा लेखिएको विवरणहरुको आधारमा बनाउनु पर्नेछ ।

१५. **रजिष्ट्रारको नियुक्ति** : (१) सहकारी विभागको रजिष्ट्रारलाई नै रजिष्ट्रार रुपमा काम गर्न नेपाल सरकारले नियुक्त गर्नेछ र त्यसरी नियुक्ति गर्दा निजामती सेवाको कुन श्रेणी सरह हुने हो सो समेत खुलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्ति हुने रजिष्ट्रारको पारिश्रमिक नेपाल सरकारको निजामती सेवाका समान श्रेणीको कर्मचारीले पाए सरह हुनेछ ।

१६. **रजिष्ट्रारको काम र कर्तव्य**: रजिष्ट्रारको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) संस्था वा संघ दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जांचबुझ गरी संस्था वा संघ दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने ।

(ख) ऐन र नियमको अधिनमा रही संस्था वा संघले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने ।

(ग) संस्था वा संघको सञ्चालक समितिको निर्वाचन गराउने ।

(घ) संस्था वा संघको एकीकरण वा विभाजन गर्ने ।

(ङ) समय-समयमा संस्था वा संघको निरीक्षण गर्ने ।

(च) संस्था वा संघ सम्बन्धी कार्य प्रवर्द्धन गर्न तिनीहरुको प्रशासकीय काम कारवाहीको सञ्चालनमा समन्वय गर्ने तथा संस्था वा संघको हिसाव जांच गर्ने, गराउने ।

१७. **संस्था वा संघको कोष**: (१) प्रत्येक संस्था वा संघको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहने छन् :-

(क) ऋण लगायत संस्था वा संघले आर्जन गरेका सबै किसिमको आम्दानी,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ,

(ग) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ,

(घ) कुनै संस्था वा संघले शेयर विक्रि गरे वापत प्राप्त रकम र सदस्यता वापत प्राप्त शुल्क,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) बमोजिमको कोषको रकम विनियममा व्यवस्था भए बमोजिमको कार्यमा खर्च गरिनेछ ।

(३) संस्था वा संघले विदेशी सरकार तथा अन्तराष्ट्रिय संघ संस्थाबाट ऋण तथा अनुदान रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पुर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम संस्था वा संघलाई प्राप्त हुने सबै रकम नेपाल राज्यभित्रको कुनै बैकमा संस्था, संघको नाममा खाता खोली जम्मा गरिने छ ।

(५) उपनियम (१) बमोजिमको कोषको खाताको सञ्चालन समितिले तोकेको सञ्चालक र व्यवस्थापकको संयुक्त दस्तखतबाट हुनेछ ।

१८. **शेयर विक्रि गर्न सक्ने**: ऐनको दफा २३ को उपदफा (१) बमोजिम संस्था, संघले देहाय बमोजिमका निकायहरुलाई पनि शेयर विक्रि गर्न सक्नेछ :-

(क) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्था वा निकायहरु,

(ख) सहकारी संस्था वा संघसंग आर्थिक कारोबार गर्ने वित्तीय संस्थाहरु ।

१९. **बचतको वितरण**: (१) संस्था वा संघको कुनै वर्षको खुद बचतबाट ऐनको दफा २७ को उपदफा (१) मा लेखिए बमोजिमको रकम जगेडा कोषमा जम्मा गरी बाँकी रहन आएको रकम मध्येबाट देहायका कोषहरु खडा गर्न सकिनेछ :-

(क) शेयर लाभांश कोष,

(ख) संरक्षित कोष ,

(ग) कर्मचारी वोनस कोष,

(घ) सहकारी शिक्षा कोष,

(ङ) सहकारी विकास कोष,

(च) घाटा पूर्ति कोष,

(२) उपनियम (१) बमोजिम खडा गरिने कोषहरुमा जम्मा हुने रकमको हद् समय-समयमा समितिले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम खडा गरिएको कोषको रकम छुट्टाछुट्टै खातामा राख्नु पर्नेछ र त्यस्तो कोषको सञ्चालन समितिले तोकिदिए बमोजिम हुनेछ ।

२० **जगेडा कोष**: जगेडा कोषको सञ्चालन र उपयोग विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

२१. **अभिलेख राख्ने** : (१) प्रत्येक संस्था वा संघले आफनो काम कारवाही सञ्चालन गर्न देहायबमोजिमको अभिलेखहरु अद्यावधिक रुपमा राख्नु पर्नेछ :-

(क) अनुसूची - ४ बमोजिम सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सम्पत्ति, उप-समितिहरुको छुट्टाछुट्टै कारवाही किताबहरु,

(ग) नगदी वही,

(घ) संस्था वा संघले अरु कुनै व्यक्ति वा संस्था वा संघ संग कुनै कारोवार गरेको भए सो कारोवार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) स्टक दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एंव संपरीक्षण खाता,

(झ) व्यक्तिगत खाता,

(ञ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाताहरु,

(ट) समय-समयमा सञ्चालक समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु,

(२) प्रत्येक संस्था वा संघले आफनो आयव्यय, उत्पादन

लागत तथा स्थिति विवरणको प्रतिवेदन अनूसूची -५ बमोजिमको ढाँचामा रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

२२. **बैक वा अन्य निकायसंग जानकारी माग्ने** : रजिष्ट्रारले आवश्यक देखेमा प्रत्येक संस्था वा संघले लेनदेन कारोबार गर्ने बैक वा अन्य निकायसँग देहायका कुराहरु सम्बन्धी जानकारी माग्न सक्नेछ :-

(क) लेनदेन सम्बन्धी कुनै विवरण,

(ख) बैक वा अन्य निकायसँग रहेको संस्था वा संघको हिसाब किताबको नक्कल,

(ग) संस्था वा संघको नाममा जम्मा हुने गरी भुक्तानी गरिएको वा संस्था वा संघले दरपिठ गरेको चेकहरु,

(घ) आर्थिक कारोबार सम्बन्धी बिल भरपाई आदी ।

२३ **निरीक्षण गर्ने** : (१) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्था वा संघको जुनसुकै कागजपत्रहरु तथा अभिलेखहरु निरीक्षण गर्न सक्नेछ र त्यस्तो निरीक्षण गर्न दिनु संस्था वा संघका सञ्चालक सदस्य वा कर्मचारीको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गरी सकेपछि सम्बन्धित अधिकारीले आफनो सुझाव सहित अनुसूची -६ बमोजिम ढाँचामा निरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) निरीक्षण प्रतिवेदनमा लेखिए बमोजिमको त्रृटिहरु सुधार गर्न लगाउने कर्तव्य रजिष्ट्रारको हुनेछ ।

२४. **प्रतिवेदन दिनु पर्ने** : प्रत्येक संस्था वा संघले ऐनको दफा ३४ मा उल्लेख भएका कुराहरुको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

२५. **लिलाम बिक्रि गर्ने कार्यविधि** :(१) ऐनको दफा ३९ बमोजिम संस्था वा संघको बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको जायजेथा लिलाम बिक्रि गरी असूल उपर गर्दा संस्था वा संघले आफै वा संस्था वा संघको सिफारिसमा रजिष्ट्रारले देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम

तिर्न बुझाउनु आउनु र उक्त रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनु पर्छ । यसरी म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम बिक्रि गर्ने सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ख) धितो राखेको घर जग्गा-जमिन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(ग) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्रिको सूचना प्रकाशित गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने, साँवा, व्याज र हर्जनाको रकम समेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैतीस दिनभित्र लिलाम बिक्रि गरी साँवा व्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना स्थानीय गाउँ विकास समिति वा नगरपालिका र सार्वजनिक स्थानमा टाँस गरी स्थानीय वा राष्ट्रिय स्तरको कुनै एक पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

(घ) लिलाम बिक्रि गर्दा कार्यालय खुल्ने समय देखि शुरु गरी बन्द हुने समय भन्दा एकघण्टा अगाडि समाप्त गर्नु पर्नेछ । लिलाम बिक्रि हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्रि गर्नु पर्नेछ ।

(ङ) धितो लिलाम बिक्रि गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको पंचकृति मोल कायम गरी सोहि रकमबाट डाँक बढाबढ गरी शुरु गर्नु पर्नेछ । डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरुमध्ये सवै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्रि स्वीकृति गर्नुपर्नेछ ।

(च) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि विनियमले तोके बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सहीछाप गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्रि गर्दा जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र लिलाम विक्रि हुने ठाउँ नजीक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय गाउँ

विकास समिति वा नगरपालिकाको प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराई लिलाम बिक्रि गर्नु पर्नेछ ।

(३) लिखित रुपमा अनुरोध गर्दा पनि उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधी र गाउँ विकास समिति वा नगरपालिकाका प्रतिनिधीलाई साक्षी राखी लिलाम विक्रि गर्नु पर्नेछ ।

(४) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पक्ति लिलाम बिक्रि गरिने हो सो व्यक्तिलाई साक्षी राखी लिलाम बिक्रि गर्नु पर्नेछ ।

तर त्यस लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्रि गर्न वाधा पुगेको मानिने छैन ।

२६. **लिलाम बिक्रि स्थगित गर्न सक्ने** : लिलाम बिक्रिको सूचना प्रकाशित भैसकेपछि मुनासिव माफिकको कुनै कारण परी सो लिलाम बिक्रि स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रिको सूचना प्रकाशित गर्ने संस्था वा संघ वा रजिष्ट्रारले त्यस्तो लिलाम बिक्रि केही समयको लागि स्थागित गर्न सक्नेछ ।

२७. **असुल उपर हुन नसकेको रकम अरु जायजेथाबाट असुल उपर गर्ने**:

(१) धितो राखेको सम्पत्ति लिलाम बिक्रि गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा बाँकी बक्यौता असूल उपर गर्नु पर्ने व्यक्तिको हक भोगका नेपाल राज्यको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट एक वर्षभित्र नियम २५ को कार्यविधि अपनाई लिलाम बिक्रि गरी असूल उपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको वाली लिलाम बिक्रि गरी साँवा, व्याज र हर्जनाको रकम असूल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्रि गर्दा लिलाम बिक्रि हुने दिनसम्मको साँवा व्याज र हर्जनाको रकम असूल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

२८. **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने**: (१) लिलाम बिक्रिको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश

प्रतिशत रकम उसै दिन धरौटीका रुपमा लिई राख्नु पर्नेछ । बाँकी नव्वे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाई सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम उसै दिन नबुझाएमा निजपछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पुरा मुल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरि दिनको लागि संस्था वा संघले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

२९. **लिलाम बिक्रि नभएमा जायजेथा संस्था वा संघको स्वामित्वमा रहने**: नियम २५ र २७ बमोजिम लिलाम बिक्रि गर्नु पर्ने जायजेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा संस्था वा संघले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित सरकारी कार्यालयहरुले संस्था वा संघको जनाउ बमोजिम आफनो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

३०. **खर्च असूल गर्ने**: संस्था वा संघले बाँकी बक्यौता असूल उपर गर्नु पर्ने, व्यक्तिको जायजेथा लिलाम बिक्रि गरी बाँकी बक्यौता असूल उपर गर्दा साँवा, व्याज, हर्जनाको रकम र लिलाम बिक्रि गर्दा लागेको सबै किसिमको खर्च समेत घटाई असूल उपर गर्नु पर्नेछ ।

३१. **मिनाहा गर्ने**: संस्था वा संघले असूल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाहा गर्नु पर्दा वार्षिक साधारण सभामा उपस्थित सदस्यले दुई तिहाई वहुमतको निर्णयबाट गर्नु पर्नेछ ।

तर व्यवसायिक कारोवारको सिलसिलामा हुन गएको सामान्य, सुखन, चुहन जर्तीको मिनाहा विनियममा व्यवस्था भए बमोजिम समितिले गर्न सक्नेछ ।

३२. **बेरुजु नियमित गराउनु पर्ने**: संस्था वा संघको बेरुजु रकम सो संस्थाको लेखापरीक्षण भएको लगतै पछिको आर्थिक वर्षभित्र नियमित गराई सक्नु पर्नेछ । सो अवधि भित्र बेरुजुको रकम नियमित नगराएमा

सम्बन्धित कर्मचारीसँग नियमित गराउनु पर्ने बेरुजुको रकम बाँकी बक्यौता सरह नियम २५ को कार्यविधि अपनाई असुल उपर गर्नु पर्नेछ ।

३३. **लिक्वीडेटरको काम, कर्तव्य र अधिकार**: (१) ऐनको दफा ४२ अर्न्तगत नियुक्त लिक्वीडेटरको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) विघटन भएका संस्था वा संघवाट असूल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा संघ वा हालवाला वा साविकवाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम २५ र २७ को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्था वा संघसँग कुने साहुको कुनै रकम बाँकी लागि राखेको रहेछ र सो कुरा संस्था वा संघको वा संघको हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दावा गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरुमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था वा संघ विघटन गर्ने सिलसिलामा, संस्था वा संघको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) रजिष्ट्रारको पुर्व स्वीकृती लिई संस्था वा संघले गरेको संस्था वा संघको विरुद्ध गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीच मिलापत्र गराउने ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने ।

(छ) संस्था वा संघको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्था वा संघको सम्पत्ति वेचविखन गर्ने ।

(झ) संस्था वा संघको जायजेथा वितरण गर्ने योजना रजिष्ट्रारबाट स्वीकृत भै आएपछि त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरुको प्रयोगगर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्था वा संघको गठन, काम, कर्तव्य ,

सम्पत्ति वा अन्य कुराहरुको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरु र संस्था वा संघको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

३४. **विघटन नियन्त्रण गर्ने अधिकार** : नियम ३३ बमोजिमको अधिकार प्रयोगगरी लिक्वीडेटरले गरेको कामलाई रजिष्ट्रारले दोहऱ्याई हेरी देहायबमोजिम गर्न सक्नेछ :- ।

(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न ,

(ख) संस्था वा संघको खातावही, कागजात, लिखत र जायजेथाहरु पेश गराउन,

(ग) नियम ३३ बमोजिमको लिक्वीडेटरको अधिकारमा आफुलाई उपयुक्त लागेको हद बन्देज तोकि दिन,

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) संस्था वा संघको जायजेथा वितरण गर्ने अधिकार दिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एव भत्ताको निमित्त आवश्यक निर्देशन दिन, र

(छ) लिक्वीडेटरलाई पदबाट हटाउन ।

३५ **विघटनको कामको समाप्ति**: (१) ऐनको दफा ४१ अर्न्तगत दर्ता खारेज गरिएको कारण विघटन भएको संस्था वा संघको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछ :

(क) विघटनको कामको निमित्त भएका खर्चहरु फछ्र्यौट गर्न,

(ख) कर्मचारीको तलव भत्ता दिन,

(ग) ऋृण भुक्तानी गर्न,

(घ) अन्य भुक्तानी दिनु पर्ने रकमहरु दिन,

(ङ) शेयर पूंजी फिर्ता दिन,

(च) लाभाँश नबाडिएको समय जतिको हकमा प्रति वर्ष शेयर पूँजीको आठ प्रतिशतका दरमा नबढने गरी लाभाँश वितरण गर्न ।

(२) कुनै संस्था वा संघको विघटनको काम समाप्त भै सकेपछि पनि सो संस्था वा संघको कुनै साहुले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्था वा संघको कोष उपर

त्यस्तो साहुले आफुले पाउनु पर्ने रकमको निमित्त दावी गरि सक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

(३) उपनियम (१) मा लेखिएका काममा खर्च गरी सक्दा पनि सम्बन्धित संस्था वा संघको कोषको रकम बाँकी रहन आएमा उक्त रकम रजिष्ट्रारको निर्देशन बमोजिम देहायको प्राथमिकता क्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघटित संस्था वा संघको कार्यक्षेत्रमा सेवा पु¥याउन सक्ने नजीकको सोही प्रकृतिको अन्य कुनै संस्था वा संघ,

(ख) सो संस्था वा संघ सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ,

(ग) राष्ट्रिय सहकारी संघ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले रजिष्ट्रारको सिफारिसमा उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको त्यस्तो संस्था वा संघको कोषको रकम सहकारी आन्दोलनलाई योगदान पुऱ्याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न सक्नेछ ।

३६. **अनूसूचीमा हेरफेर गर्न सक्ने** : नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

३७. **खारेजी** : साझा संस्था नियमहरु, २०४३ खारेज गरिएको छ ।

अनुसूची - १

(नियम ३ सँग सम्बन्धित)

श्री रजिष्ट्रारज्यू,

....

विषय :- संस्था वा संघको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरु/संस्थाहरु /संघहरु देहायका कुराहरु खोली देहायका संस्था/संघ दर्ता गरी पाउन निवेदन गर्दछौ/प्रस्तावित संस्था/संघको उद्देश्य अनुरुप संस्था/संघ तत्काल गर्ने कार्य सम्बन्धी योजना र प्रस्तावित संस्था/संघको विनियमको दुई प्रति पनि यसैसाथ पेश गरेका छौ ।

१. **संस्था/संघ सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्था/संघको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) कार्यक्षेत्र :-

(ङ) दायित्व :-

(च) कूल शेयर पूँची :-

(छ) विक्रि गर्ने शेयर संख्या र त्यसको रुपैया :-

द्रष्टव्य : संस्था वा संघले आफ्नो ठेगाना हेरफेर गर्नु परेमा हेरफेर गरेको मितिले सात दिन भित्र त्यसको सूचना रजिष्ट्रार समक्ष पठाउनु पर्नेछ ।

२. **संस्थाको हकमा आवेदन गर्ने व्यक्तिहरुको विवरण र दस्तखत** :

क्र. सं	बाबुको नाम	पति वा पत्नीको नाम	आफ्नो नाम	थर	उमेर	ठेगाना	पेशा	शेयर विवरण		दस्तखत	कैफियत
								खरिद शेयर	शेयरको रकम		
१	२	३	४	५	६	७	८	९	१०	११	१२

संघको हकमा आवेदन गर्ने संस्था वा संघको विवरण :

क्र. सं	संस्था	संघको नाम	ठेगाना	शेयर पूँजी	सदस्य संख्या	दर्ता मिति	शेयर विवरण			दस्तखत	कैफियत
							खरिद शेयर	शेयरको रकम	प्रतिनिधित्व व्यक्तिको नाम		
१	२	३	४	५	६	७	८	९	१०	११	१२

अनुसूची - २
(नियम ५ सँग सम्बन्धित)

नेपाल सरकार
सहकारी विभाग/कार्यालय/शाखा

दर्ताको प्रमाण - पत्र

दर्ता नं :-

सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम .... लाई सिमित दायित्व भएको संस्था/संघमा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण- पत्र प्रदान गरिएको छ ।

दर्ता गरेको मिति :-
दस्तखत :
रजिष्ट्रार
सहकारी विभाग :
कार्यालयको छाप :

अनुसूची - ३
(नियम १४ सँगको सम्बन्धित)
विनियममा उल्लेख गर्नु पर्ने विषयहरु

१. नाम र ठेगाना
२. कार्यक्षेत्र
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. सदस्यता
७. सदस्यको लागि योग्यता
८. प्रवेश शुल्क
९. सदस्यताबाट राजीनामा
१०. सदस्यको निष्कासन
११. कोषको व्यवस्था
१२. शेयर पूँजी
१३. शेयरको प्रमाण-पत्र
१४. शेयरको हस्तान्तरण वा फिर्ता
१५. दायित्व
१६. हकवालाको मनोनयन
१७. हक दावी वा नामसारी
१८. प्रारम्भिक साधारण सभा
१९. साधारण सभा
२०. विशेष साधारण सभा
२१. साधारण सभाका कर्तव्य र अधिकार
२२. सञ्चालक समितिको गठन एंव काम, कर्तव्य र अधिकार
२३. सञ्चालकको पदमा वहाल रहन नसक्ने अवस्था
२४. समितिको बैठक
२५. अध्यक्षको काम, कर्तव्य र अधिकार
२६. उप-समितिको गठन र कार्यविधि
२७. लेखा समितिको गठन
२८. लेखा समितिको काम, कर्तव्य र अधिकार
२९. व्यवस्थापकको नियुक्ति, काम, कर्तव्य र अधिकार
३०. बचत विवरण
३१. कोषको सुरक्षा
३२. कोषको उपयोग
३३. संघ, संस्थाले राख्न पर्ने वहिखाता र किताबहरु
३४. वार्षिक हिसाब जाँच
३५. निर्वाचन
३६. मध्यस्थता सम्बन्धी व्यवस्था
३७. विनियम संशोधन
३८. विघटन
३९. विविध

अनुसूची - ४

(नियम २१ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

सि. नं	बाजेको नाम	बाबुको नाम	पति वा पत्नीको नाम	सदस्यको नाम	उमेर	ठेगाना	पेशा	खरिद गरेको शेयर संख्या	सदस्य भएको मिति	मनोनित हकवाला को नाम	उमेर	ठेगाना	दस्तखत वा सही	कैफियत

अनुसूची - ५

(नियम २१ को उपनियम (२) सँग सम्बन्धित)

(क)

………………………………….सहकारी संघ संस्था लि.

(नाम)

मिति……………………।४।१ देखि मिति ………………………।३। ………………..सम्मको

(साल) (साल) (मसान्तको गते)

आय विवरण

गत वर्षको	विवरण	यस वर्षको
…………………	(१) विक्रिवाट आम्दानी (२) व्यापारिक छुट दिएको (–) (३) विक्रिबाट खुद आम्दानी (४) विक्रि गरिएका बस्तुको लागत प्रारम्भिक मालशेष ……………………… खरिद (+) ……………………….. अन्तिम मालशेष (-) …………………… ढुवानी खर्च (५) मोटामोटी बचत/नोक्सान (६) अन्य आम्दानी व्याज हर्जाना प्राप्त ………………………. व्याज हर्जाना पाउनु पर्ने ………………… लगानीबाट आम्दानी ……………………….. विविध आम्दानी ………………………… प्रशासनिक अनुदान ………………………. (७) प्रशासनिक खर्चहरु तलव भत्ता ………………………. घरभाडा ……………………………. मसलन्द …………………………… मरम्मत ……………………………. व्याज खर्च ……………………………. हर्जाना ……………………………. व्याज हर्जाना भू. दिनुपर्ने …………………….. विविध खर्च ………………………… इन्धन ………………………… हिसाब खर्च ……………………………. ह्रासकट्टी ……………………………. (८) खुद बचत/नोक्सान	…………………

द्रष्टव्य :

खरीदको रकम उल्लेख गर्दा खरीदमा प्राप्त बिक्रि छुटको रकम घटाएर उल्लेख गर्ने र छुटको रकम द्रष्टव्यमा उल्लेख गर्ने ।

(ख)

.......................................सहकारी संघ ।संस्था लि

मिति....................।४।१ देखि मिति.....................।३। ....सम्मको

(साल) (साल) (मसान्तको गते)

उत्पादन लागत विवरण

	प्रारम्भिक माल शेष कच्चा पदार्थ........ अर्ध प्रशोधित सामाग्री................ कच्चा पदार्थ खरीद प्रशोधन । उत्पादन खर्चहरु ■ विद्युत .... ■ ज्याला .... ■ सामाग्री .... अन्य	
	कूल खर्च अन्तिम माल शेष (-) ■ कच्चा पर्दा .... ■ अर्घ प्रशोधित सामाग्री	
	कूल उत्पादन खर्च	

(ग)

संघ । संस्था लि.

स्थिति वितरण -पत्र

मिति.............................मा

गत वर्षको		दायित्व	चालु वर्षको	
रु.	पैसा		रु.	पैसा
		शेयर पूँजी :- जगेडा कोष अन्य कोष :- क. शेयर लाभाँश कोष................ ख. कर्मचारी वोनस कोष.............. ग. संरक्षित कोष .... घ. सहकारी शिक्षा कोष.................... ङ सहकारी विकास कोष.................... च. अन्य कोष.......................... निक्षेप (डिपोजिट) हिसाब :- क.चल्ती..............................		

		ख. बचत.................... ग. घरौटी........................ ऋण लिएको हिसाब :- क. भाखा नागेको.......................... ख. भाखा ननागेको .... भुक्तानी दिनु पर्ने हिसाब :- क. उधारो.................... ख. पेश्की........................ ग. हित कोष .... घ. अन्य........................... अन्य दायित्व हिसाब : - क. तलव .... ख. घरभाडा .... ग. व्याज........................... घ. हर्जाना .... ङ ले.प.शुल्क च. अन्य...........		
		जम्मा :		

१. दस्तखत (व्यवस्थापकको नाम) २. दस्तखत (सञ्चालकहरुको नाम) ३. दस्तखत (लेखा परीक्षकको नाम)

संघ/संस्था लि.
स्थिति विवरण

मिति..................................मा

गत वर्षको		सम्पत्ति	चालु वर्षको	
रु.	पैसा		रु.	पैसा
		नगद बाँकी................................... बैक मौज्दात................................... लगानी हिसाब :- क) मुद्धति खाता............................... ख) शेयर खरिद............................. ग) अन्य....................................... सदस्यहरुसँग बाँकी ऋण :- क) भाखा नागेको........................... ख(भाखा ननागेको.......................... पाउनु पर्ने हिसाब:- क) उधारो................................... ख) पेश्की................................. ग) व्याज.................................		

		घ) हर्जाना.................................. ङ) हितकोष................................ च) बेरुजु.................................. छ) घरौटी................................. ज) सर्टेज................................ झ) .... (ञ) हिनामिना............................. ट) अन्य सापटी............................. फर्निचर................................ सवारी साधन......................... जग्गा भवन - गोदाम)................ सेफ.................................... मिल..................................... अन्य सम्पत्ति सामान .... शुद्ध नोक्सानी............................. (-) घाटा पूर्ति कोष........................ अन्तिम माल शेष......................		
		जम्मा		

दस्तखत :

(लेखा समितिका सदस्य)

अनुसूची -६

(नियम २३ को उपनियम (२) सँग सम्बन्धित)

सहकारी संस्था/संघको

निरीक्षण प्रतिवेदन

१. संस्थाको नाम :- दर्ता नं -
ठेगाना:- दर्ता मिति :-

२. (क) निरीक्षण गरेको मिति :-
(ख) अघिल्लो निरीक्षण मिति :-

३. सदस्य संख्या :-

४. चुक्ता शेयर रकम :-

५. संस्था/संघको मुख्य कारोबार :-

६. (क) सञ्चालक समितिको बैठक कति अवधिमा हुने गरेको छ ?
(ख) सो बैठकमा कति सञ्चालकहरु उपस्थित हुने गर्छन ?
(ग) सञ्चालक तथा कर्मचारीहरु संयुक्त बैठक कति अवधिमा बस्ने गरेको छ ?
(घ) कर्मचारीहरुको बैठक कति अवधिमा बस्ने गरेको छ ?

७. (क) सञ्चालक समितिको निर्णयहरु, ऐन, नियम र विनियम अनुकूल छ छैन ?
(ख) सो निर्णयले निम्न मध्ये कुन क्षेत्रमा सकारात्मक वा नकारात्मक कस्तो प्रभाव पारेको छ ?
(१) संस्था/संघको कारोबार
(२) संस्था/संघको कर्मचारी
(३) संस्था/संघको सदस्य

८. (क) ऐन, नियम र विनियम बमोजिम खाता वही राखेको छ छैन ?
(ख) खातापत्रमा अध्यावधिक लेखा गरेको छ छैन ?
(ग) संस्था/संघले राख्नु पर्ने अभिलेखहरु राख्ने गरेको छ छैन ,

९. नगद मौज्दात ठीक दुरुस्त छ छैन ?

१०. निर्धारित कार्यक्रम तथा बजेट बमोजिम कार्यान्वयन गरेको छ छैन ?

११. संस्था/संघको नगद/जिन्सी हिनामिना/बाँकी बक्यौता राख्न दिएको छ छैन ?

१२. (क) अघिल्लो निरीक्षण देखाइएका त्रृटी, समस्याको सुधार र सुझावको कार्यान्वयनमा भएको छ छैन ?
(ख) देखा परेका समस्याहरु के के छन् ?
(ग) समस्या सामाधानका उपायहरु के के हुन् ?

मिति : निरीक्षण गर्ने व्यक्तिको दस्तखत
नाम :
पद :